बुद्धधर्मको महत्वपूर्ण दिन, विश्वदिवशको दिन

(International Recognition of the day of Baisakhd Purnima)



# बुद्ध बैशाख पुर्णिमा



Downloaded from http://www.dhamma.digital

संयुक्त राष्ट्रसंघबाट बैशाख पूर्णिमालाई विश्वदिवशको
रुपमा गरीएको घोषणा पत्र
श्रीलंकाका राजदूतद्धारा बैशाख पूर्णिमाको विषयमा
दिइएको प्रतिवेदन पत्र

# The day of Vesak

## बिषय बस्तु


| क.सं. | बिषय | पेज |
|---|---|---|
| १. | भूमिका | १३ |
| २. | बैशाख पूर्णिमा कहिलेदेखि शुरु भयो ? | १६ |
| ३. | नेपालमा बैशाख पूर्णिमाको महत्व | १९ |
| ४. | संयुक्त राष्ट्रसंघव्दारा विश्वदिवसको घोषणा | २४ |
| ५. | बोधिसत्वको जन्म | २९ |
| ६. | सम्बोधिज्ञान लाभ | ३५ |
| | क. बुद्धको बचनबाट बुद्ध धर्म | ४७ |
| | ख. उहाँ (-बुद्ध) को धर्म | ४९ |
| | ग. चार आर्यसत्यको छोटो परिचय | ५३ |
| ७. | महापरिनिर्वाण | ५६ |
| ८. | निष्कर्ष | ६३ |
| ९. | आमिस पूजा | ६४ |
| १०. | सन्दर्भ पुस्तकहरु | ६६ |
| ११. | संक्षिप्त बुद्ध जीवनी | ६७ |


Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

**United Nations** A/54/L.59

# General Assembly

Distr.: Limited

13 December 1999

Original : English

Fifty-fourth session

Agenda item 174

International recognition of the Day of Vesak

**Bangladesh, Bhutan, Cambodia, Chile, Cyprus, Grenada, Iceland, India, Indonesia, Ireland, Lao People's Democratic Republic, Maldives, Mongolia, Myanmar, Nepal Pakistan, Philipphines, Portugal, Republic of Korea, Russian Federation, Seychelles, Slovakia, Spain, Sri Lanka, Suriname, Thailand and Ukraine: draft resolution**

**International reconginition of the Day of Vesak at United Nations Headquarters and other United Nations offices**

*The General Assembly,*

*Acknowledging* hope expressed by the international Buddhist Conference, held in Sri Lanka in November 1998, that the Day of Vesak, the day of the Full Moon in the month of May each year, be internationally

The day of the Full Moon in the month of May each year, be internationally recognized and, in particular, at United Nations headquarters and other United Nations offices,

*Recognizing* that the Day of the Full Moon in the month of May each year is the day most sacred to Buddhist, who commemorate, on that day, the birth of the Buddha, his attainment of enlightenment and his passing away,



Downloaded from http://www.dhamma.digital

*Considering* that international recognition at United Nations Headquarters and other United Nations offices would constitute acknowledgement of the contribution that Buddhism, one of the oldest religions in the world, has made, for over two and a half millennia, and continues to make to the spirituality of humanity,

*Resolves* that, without cost to the United Nations, appropriate arrangements shall be made for international observances of Vesak at United Nations Headquarters and other United Nations offices, in consultation with the relevant United Nations offices and with permanent missions that also wish to be consulted.

99-38721 (E) 131299
*9938721*

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# SRI LANKA

UNITED NATIONS GENERAL ASSEMBLY
$54^{TH}$ SESSION
PLENARY

STATEMENT

BY

AMBASSADOR JOHN DE SARMA
PERMANENT REPRESENTATIVE OF SRI LANKA
TO THE UNITED NATIONS

AGENDA ITEM 174: INTERNATIONAL RECOGNITION OF THE DAY OF VESAK

Dhamma.Digital

15 December 1999

(Please check against delivery)

---

Permanent mission of Sri Lanka to the United Nations



Downloaded from http://www.dhamma.digital

630 Third Avenue, 20th Floor, New York, NY 10017 * Tel: (212) 986-7040 * Fax: (212) 986-1838
Email: srilanka@un.int.

Mr. President,
Distinguished Delegations,

On behalf of the Delegation of Sri Lanka, I have the great honour today of introducing in the General Assemble the Subject "international Recognition of the Day of Vesak".

When addressing the General Assambly in plenary debate on the 23rd of September, this year, the Foreign Minister of Sri Lanka, the Honourable Mr. Lakshman Kadirgamar, conveyed to the General Assembly, pursuant to a decision taken at an International Buddhist Conference in Sri Lanka: namely, that the United Nations would find it possible to give international recognition to the Day of Vesak, the most sacred day in the calendar of several of the world, follow the teaching of the Buddha.

As the present Millennium draws to a close, and the world awaits and prepares for the opening of the New Millennium, the United Nations may wish to recall, it was hoped, the teachings, reaching back to believed and taught that true and complete relief from the sufferings of the human condition lay in one's own true and complete understanding and control and purification of one's own thoughts and desires, and that this state of mind would lead one to the path of compassion for and service to others, and to a state of true and complete happiness. "one may conquer millions in battle but he who conquers himself is, alone, the greatest of conquerors" was one of the Buddha's sayings, chronicles have recorded.

The teachings of the Buddha brought then, and continue to bring now, understanding and happiness and solace to the lives of millions, originally in the countries of South Asia, South-East Asia and East Asia, but now also, to additional millions in other countries in other regions of the world.



Downloaded from http://www.dhamma.digital

The General Assembly, in the universality of its membership and in the universality of its terms of reference, has in the past recognised many of the diverse concerns of our complex world.

The General Assembly, in so doing has acted in the knowledge that peoples in all regions of the world look, fervently, to the United Nations and in particular to the Genreal Assembly for at least an acknowledgment of their concerns, of their hopes, of their beliefs.

It is in that spirit that International Buddhist Conference in Sri Lanka, looked to the United Nations for international recognition of the Day of Vesak: the day of the full-moon in the month of May on which over 150 million Buddhists around the world commemorate the birth, the attainment of enlightenment, and the passing away of the Buddha-the Enlightened one.

The Buddha born to royal comfort and privilege, as prince Siddharth Gautama, in the sixth century before the beginning of the Christian era, at a place known as "Lumbini" now in the modern State of Nepal, was so troubled by the suffering of humanity that he renounced the comforts and privileges to which he had been born, and devoted himself, sustained only by the basic necessities for life and thought and meditation, two years of wandering and reflection in search of complete and true understanding for himself of the sufferings of the human condition, and a complete and true understanding of how relief from the sufferings of the human condition may finally be completely and truly realised.

The Buddha's life and example so moved his contemporaries that his teachings were remembered and passed through the centuries: moving the great warrior emperor Asoka of India, in the third century before the Christian era, to eschew wars and conquests, and to give himself to the teachings of the Buddha.

It was the great emperor Asoka who sent his son Mahinda and his daughter Sanghamitta to Sri Lanka with the teachings of the Buddha.

Sanghamitta also brought to Sri Lanka with her a sapling of the Sacred Bo Tree-under which the Buddha had sat in teaching and in thought and meditation almost third centuries earlier.

The Sacred sapling and the teaching of the Buddha flourished in Sri Lanka through the thousands of years that followed, and to this day.



Downloaded from http://www.dhamma.digital

The sapling, now the sacred Bo Tree of Anuradhapura in Sri Lanka, still stands, and is loved and venerated or respected by all the people of Sri Lanka: be they Buddhists or followers of the other great religions of our land, Hinduism, Chrisianity and Islam.

A sacred-tree engaging, and uniting, those of all faiths and religions, in a spirit of religious understaning and tolerance that we pray will continue to flourish in Sri Lanka through to millennia.

The sponsors and co-sponsors of the Draft Resolution before the General Assembly and I convey to all co-sponsors deepest gratitude for their support of the Resolution-would very much wish the General Assembly, in adopting the Resolution:

- to recognise "Vesak" as the most sacred day in Buddhism commemorated by hundreds of millions of Buddhist around the world;

  and
- to allow for appropriate arrangements to be made for observances of "Vesak" at United Nations Headquarters and at other United Nations offices.

Dhamma.Digital

The arrangements for such observances to be made, in consultation with the Secretariat and with such permanent missions and delegations as may also without participate, in order to ensure that such arrangements are appropriate and are without cost to the United Nations.

On behalf of all the co-sponsors of the Draft Resolution, I am honoured to be in a position today to warmly commend the Draft Resolution on "international Recognition of the Day of Vesak" to the General Assembly.

Thank you Mr. President



Downloaded from http://www.dhamma.digital

एकलोक धातुमा दुई बुद्ध हुन सक्दैन ...असम्भव छ ...
एउटा लोक धातुमा एउटै मात्र बुद्ध हुन सक्दछ ।

*(बहुधातुकसुत्र, म.)*

## <u>चार संवेजनीय स्थान</u>

आनन्द ! श्रद्धालु कुलपुत्रहरुको लागि दर्शनीय र पुजनीय ४ संवेजनिय स्थानहरु छन् । ती हुन् :

१. तथागतको उत्पन्न (जन्म) भएको स्थान (-लुम्बिनी)
२. तथागतको अनुत्तर सम्यकसम्बोधिलाभ स्थान (-बुद्धगया)
३. तथागतले धर्मचक्र प्रवर्तन गर्नुभएको स्थान (सारनाथ)
४. तथागत परिनिर्वाण हुनुभएको स्थान (कुसिनगर)

*महापरिनिर्वाण सुत्र दी.नं. १०/१३१/१६३*

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# THE DAY OF VESAK[1]

The day of Vesak or Vesak puja is the day of worshiping or merit making for the Buddhist all over the world. On this sacred day Buddhist commemorate three great events, the Birth of the Buddha-to-be, the day of his Enlightenment and the day when he entered Mahaparinibbana or passing away, which coincidently fall on a same full moon day of Vesak Lunar month in different years.

Vesak day is known as Buddha Jayanti or Baisakha Purnima in India and Nepal, where the Buddha was born and Buddhism originated, which simply means paying homage to the Buddha or celebration of these three great events concerning with the Buddha and related to his life.

## Birth:

On the Full Moon Day of Vesak, the sixth lunar month, in 623 B.C. (80 years before start of Buddhist Era) the Buddha-to-be (Prince Siddhartha) was born in the royal family of Kapilavastu at a beautiful park named Lumbini, on the border of Kapilavastu and Devadaha city, presently located in modern Nepal. Immediately after being born, it is recorded that he walked up to seven steps and there was a lotus holding him up at every step. On his last step, He proclaimed that it was his last birth and was the most exalted one in the world.

The City of Kapilavastu was full of happiness due to have a cute prince after a long time and named Siddhartha or Siddhattha, which means wish fulfillment. He was living a luxurious life at the palace. After having seen the four signs of an old man, a man afflicted with a loathsome, a corpse, and an ascetic, prince renounced the world.

[1] Ven. Sujan (Ed.), Sangha News a special newsletter, Punjab Buddhist Society UK, 2005



Downloaded from http://www.dhamma.digital

He decided to give up the luxourius life and left the palace at the age of 29. He was accompanied by his confidant Channa, rode up to the bank of Anoma river.

Prince Siddhattha, the Buddha-to-be became ascetic and practiced contemporary austerities known as self-mortification (*Attakilamatha-nuyoga*). He practiced in diffirent ways of mortification of that time for nearly six years but still was not near enlightened despite his efforts and dedication deeply into austerities.

## Enlightenment:

At dawn on the Full Moon Day of Vesak month, 588 B.C., 45 years before Buddhist era at the age of 35 years of his age, the Buddha-to-be seated under the Bodhi tree and maditating with his mind concentrated and purified. Finally, after 6 years of dedication and determination he realized the truth of cause and effect that generates the world and self-enlightened under the Bodhi tree on the bank of Neranjara River, Buddhagaya presently in Bihar state of India. He attained the Buddhahood and since that day he became the Buddha, one who exalted one. He discovered and fully realized the Four Noble Truths (Catu ariyasacca), i.e., there is a suffering (*Dukkha*), it has got cause (Samudaya), it can be eliminate (Niroda), and the Way leading to the Cessation of those causes (Magga).

The Buddha preached Dhamma for the benefit, welfare and happiness of human beings. His preaching was started with the First discourse called ***Dhammacakkappavatana*** Sutta (The wheel of Dhamma) which consists of main doctrines of Buddhism to the five asscetics (his old associetes) in the Deer Park, Sarnath. The first discourse begins with the formal two extremes of pracitice and according to him that should not be practiced. These are not the way for the cessation of suffering and way lead to spiritual perfection He also showed the Middle way or the Noble Eightfold Path, which avoids the two extremes. The middle path means; it is not



Downloaded from http://www.dhamma.digital

compromise, not synthesis, not the mixture, not going between, not the cessation of these two extremes but it means **Ubho ante anupagamma**, without entering either the two extremes but it transcends these two. The middle Path is consists of eight factors, so called Noble Eightfold path, namely; Right understanding, Right Thought, Right Speech, Right Action, Right Livelihood, Right Effort, Right Mindfulness and Right Concentration.

## Mahaparinirvana:

Since enlightenment, Forty-five long years of hard work and sacrifice passed by and approaching the last moment of his life the Buddha tirelessly devoted his time and energy for the benefit of mankind, without thinking personal comfort. He travelled in different villages, states, countries until at the age of 80 years of last chapter. Then, finally, on the full-moon day of Vesak, he went to the Sala Grove and lay down between two tall Sala trees for the last moment. The Buddha then gave last opportunity to his disciples to clear any doubt up on teaching in their minds but out of respect or fully realized no one did.

On this occasion the Buddha granted his last admonition to the Subhaddha, an ascetic of other faith, who was the last disciple of the Buddha. When the last moment arrived, he preached his last sermon that; "***Perishable are all conditioned dharma, work out your way with deligence (Appamadena Sampadetha).***" After that, he never spoke and entered into Nirvana at Kusinara, 543 B.C. Nevertheless, the Buddha's main teachings are not to do evils, do good and purify the mind, Eightfold Noble Path (Ariya Atthangika magga), Three Charactaristics (Tilakkhana), Dependent Origination (Paticcasamuppada) etc. and other basic teachings such as Pancasila, Atthasila, Sila, Samadhi , panna etc. These basic principles must be followed in daily life by every human being. According to Buddha, by living Dhamma life everyone can attain the ultimate goal of life; that is Nibbana or Nirvana.



Downloaded from http://www.dhamma.digital

## International recognition

In November, 1998 all the Buddhist countries such as Sri Lanka, Thailand, Myanmar, Nepal, India etc. proposed an agenda for 'International recognition of the day of Vesak' to the United Nation Organization (UNO). On 15 Dec. 1999 the UN's General assembly adopted the resolution for the international recognition of the day of Vesak (Buddha Jayanti). Due to this reason UN celebrates Vesak every year at its head office in New York and other regional centers all over the world. Presently, not only the Buddhist but other faiths also celebrate this day with great joy by practicing moral ways and purify the mind, which is the way to achieve real happiness and peace within.

On this auspicious day of vesak every human being should take an oath to cultivate good, purify the mind for real happiness and peace and thus pay homage to the Buddha by practising it.

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्मावलम्विहरुको महत्वपूर्ण दिन, विश्वदिवशको दिन बैशाख पूर्णिमा

## भूमिका

बैशाख पूर्णिमा बुद्धधर्मावलम्विहरुको महत्वपूर्ण दिनहरु मध्ये एक हो । यो दिन बौद्ध देशहरुमा भब्यरुपले मनाउने गरिन्छ । बैशाख पूर्णिमा भनेको साधारण रुपमा बैशाख महिनाको पूर्णिमाको दिनमा गरीने पूजालाई भनिन्छ अथवा चन्द्रमासको छैंठौं महिनाको पूर्णिमाको दिनलाई जनाईन्छ ।

नेपालको कपिलवस्तु निवासी लुम्बिनी बनमा जन्म हुनु भएका भगवान बुद्धले संसारका प्रमुख धर्महरु मध्ये बुद्धधर्मका संस्थापक जस्ले कहिल्यै पनि आफुलाई देवताको रुपमा प्रश्तुत गर्नु भएन । त्यसैगरी दैवी शक्ति देखाइ डराएर आफुलाई पूजनिय बनाउने काम पनि गर्नु भएन । साथै उहाँले देवपुत्र भएर हामीहरुले गरेका पापकर्महरुलाई हटाई दिनेछु भनेर अथवा मानव भएर दैवी खबर ल्याएको छु भनेर पुकार्नु पनि भएन । त्यसै गरी उहाँको पूजा गरेमा स्वर्ग पठाई दिने र पूजा नगरेमा नर्क पठाई दिने जस्ता भय र त्रासलाई पनि देखाउनु भएन । उहाँले बरु कसरी यस भवसंसारको चक्रमा आउने जाने गर्ने हेतु छ उक्त हेतुको अन्तको लागि मार्ग मात्र दिनु भएको छ । उक्त मार्गमा जानु र नजानु पुनः तपाई हामीहरु कै हातमा राख्नु भएको छ । उहाँ त खाली मार्ग दर्शकमात्र हुनुहुन्छ । उहाँ आफैले भन्नु भएको छ । उहाँ आउनु भन्दा पहिले पनि धर्म थियो बर्तमानमा पनि छ र भविष्यमा पनि हुनेछ । उहाँले त उक्त सत्यधर्ममा रहेको पर्दालाई हताएर हामीलाई पर्दा भित्रको त्यो सत्यतालाई देखाईदिनु भएको मात्र हो । मानिस भएर यस दुःखमय संसारमा जन्म लिएपछि दाल भात तरकारीको दुश्मन, पृथ्वीको बोझ भन्ने झै प्रत्यकदिनलाई त्यसै खेर नफाल । सच्चा मानव भएर जन्म लिएको सार तत्वलाई बुझी उच्च आर्यजन हुनको लागि आवश्यक गुणहरुलाई मात्र भगवान बुद्धले जोड दिनु भएको हो । फलतः उहाँले मानिसमा हुनुपर्ने विवेक विचार, शील, समाधि र प्रज्ञा गुणले सुसज्जित भएर जीवन व्यतित गर्नका लागि नै आज्ञा भए



Downloaded from http://www.dhamma.digital

अनुसार आज उहाँको धर्म सारा संसारकालागि नै एक पारदर्शी एवं अनुशरण गर्न योग्यको धर्महरु मध्येमा अग्रता लिएको छ । यसको उदाहरणका लागि यसै बैशाख पूर्णिमाको दिनलाई लिन सकिन्छ ।

बैशाख पूर्णिमाको दिन शान्ति नायक गौतम बुद्धको जीवनीसंग सम्बन्धित महत्वपूर्ण घट्नाहरुलाई स्मरण गरेर श्रद्धाभिव्यक्त स्वरुप यो दिनलाई मनाउने गरीएको हो । बौद्ध बिश्वास अनुसार उहांको जन्म, सम्यकसम्बोधि ज्ञान लाभ र महापरिनिर्वाण भएका यी तीन अविस्मरणीय घट्नाहरु भिन्न बर्ष भएपनि संयोगवस बैशाख पूर्णिमाको दिनमा घटेका थिए । हुनतः उहाँको जन्म बुद्धसम्बत शूरुवात हुनुभन्दा ८० बर्ष पुर्व भएको थियो । त्यसैगरी उहाँले बोधिज्ञान प्राप्त गर्नुभई बुद्ध हुनु भएको दिन ४५ बर्ष पुर्व बुद्ध सम्बतको शूरुवात हो । त्यसैले बैशाख पूर्णिमालाई उहाँका ती अविश्मरणीय घटनाहरु जन्म, बोधिलाभ र परिनिर्वाणलाई नै केन्द्र विन्दु बनाई सारा बौद्धहरु श्रद्धामय भक्तिमयले यो दिनलाई मनाउने गर्दछन् ।

नेपालमा यो दिनलाई बुद्ध जयन्ती, बैशाख पूर्णिमा वा नेपालभाषामा 'स्वाँयापून्ही' को नामले चिनिन्छ । त्यसैगरी थाइलैण्ड, श्रीलंका, बर्मा, कम्बोडिया तथा लावस र अरु देशहरुमा विशाख पूजा (Visakha Puja) को नामले चिनिन्छ भने UN द्वारा पनि "Vesak Day" भनेर यो दिनलाई गत सन् 1999 सालमा संयुक्तराष्ट्र संघ ‘‘UN’’ द्वारा पनि “शान्तिको दिन” (The day of peace) भनि संसार भरि मनाउने घोषणा गरेको थियो । त्यसैले यो बैशाख पूर्णिमा बौद्धहरुको लागि मात्र नभई संसारको लागि नै एक महत्वपूर्ण दिनको रुपमा भएको / रहेको छ ।

स्मरण रहोस्, बुद्धसम्बत उहाँको महापरिनिर्वाण पश्चातको सम्बत हो । तर आजभोलि बौद्ध संसारमा यो बुद्ध सम्बतलाई नै केन्द्रविन्दुको रुपमा प्रचार प्रसार तथा चलन चल्तिमा आएको छ । विशेष गरेर बौद्ध देश थाईलैण्डमा बुद्ध सम्बतलाई अन्तराष्ट्रिय क्षेत्रसम्म पनि आफ्नो देशको सम्बतको रुपमा प्रयोग गरीसकेका छन् । थाईलैण्डको आफ्नै नयाँ बर्ष जुन हाम्रो बैशाख महिनाको १ गते हो त्यसलाई भव्यरुपले मनाउने गरेपनि अन्तराष्ट्रिय क्षेत्रमा काम गर्न सजिलोका लागि जनवरी १ लाई नयाँ वर्षको रुपमा मनाउने गरे पनि बुद्धसम्बतलाई प्रयोग गरिन्छ जस्तै



Downloaded from http://www.dhamma.digital

यसबर्षलाई अन्तराष्ट्रिय रुपमा ईश्वी सम्बत २०११ भनिन्छ भने थाईलैण्डमा बुद्धसम्बत २५५३ भनिन्छ तर शुरु जनवरीमा नै हुन्छ। अवशोचको कुरा हो, हाम्रो देश नेपालमा जहाँ बुद्धधर्मका संस्थापक हुनु भएका महान मानवको जन्म भएको थियो, आज यहि देशमा बुद्ध सम्बतलाई चलनमा ल्याउने सपना साकार होला भन्ने कुरा त छदै छ उहाँको धर्मलाई अंगाल्न त पर नै राखे, प्रचारप्रसारमा नै नआवस भनेर चालेका कदमहरु अझसम्म पनि नभएका होइनन्। यो कमजोरी नेपाली बौद्धहरुको मात्र नभनौ, सम्बन्धित बौद्ध संघ संस्थाहरु विशेष गरेर अखिल नेपाल भिक्षुमहासंघ, धर्मोदयसभा, बुद्ध जयन्ति समारोह समिति, लुम्बिनी विकास कोष, युवा बौद्ध समुहहरु आदिको धेरै नै कमजोरी र नेपाल सरकारले पनि यस विषयमा गहिरिएर सोच्नु पर्ने देखिन्छ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बैशाख पूर्णिमा कहिले देखि शुरु भयो ?

बैशाख पूर्णिमा वा बैशाख पूजा पाली भाषाको (विसाखपुण्णमी) पूजाको छोटकरी शब्द हो । कहिलेकाहि विशाख पूजा भनेर पनि लेख्ने गरीन्छ । यो बैशाख पूर्णिमा संस्कृत भाषाको विशाखपूर्णमी पूजाबाट लिएको हो । त्यसैले बैशाख पूर्णिमा भनेर नेपालमा भन्ने गरेको पनि संस्कृतबाट नै उदृत भएको भन्दा केहि फरक पर्दैन ।

यो बैशाख पूर्णिमालाई मनाउने क्रम कहिले देखि चल्दै आएको भन्ने प्रश्न उठ्न सक्छ । भगवान बुद्धको पालादेखि नै यो पर्वलाई मनाएको देखिदैन तर पनि भिक्षु सुदर्शन महास्थविरले दिनुभएको स्वाायापुन्हिको भावार्थमा भन्नुभएको छ शिद्धार्थको जन्मसंगै कपिलबस्तु फिर्ता हुँदा हर्षले फूलको बर्षा भएको थियो । कपिलवस्तु नरेस राजा शुद्धोदनको परिवारमा पनि धेरै बर्षपछि राजकुमारको जन्म सबै परिवारका साथै जनताहरुको लागि नै हर्षको कुरा थियो । साथै बौद्ध साहित्यअनुसार शिद्धार्थकुमारले बोधिज्ञान लाभ गर्नुभएको दिनमा देवगणहरुबाट हर्षले फूलको बर्षा गर्नुभएको र उहाँ परिनिर्वाण हुनु भएको समयमा पनि देवताहरु सहित मनुष्यहरुले फूलादि वस्तुहरुले उहाँको पूजा गरेका थिए । यसरी यी तीनै दिनहरुमा फूलको बर्षा भएको देखिन्छ र त्यहि दिनदेखी बुद्धको जीवनीसंग सम्बन्ध राखेर यो दिनको महत्वलाई लिएर मनाउने गरेको उहाँ भिक्षु सुदर्शन महास्थविरले दर्शाउनु भएको छ ।

यो जात्रा वा फूलको बर्षालाई यहाँ बैशाख पूर्णिमा नै मनाएको भन्न अलि नमिठो महशुस भएको देखिन्छ । एकत भगवान बुद्धको समयमा यो उत्सव मनाएको वर्णन छैन भने अर्को तर्फ यो दिनलाई आधार बनाएर भगवानले केहि भन्नुभएको पनि देखिदैन । उहाँको जन्म र बोधिज्ञानको विषयमा बौद्धग्रन्थमा महत्व दिएर प्रस्तुत त भएका छन् तर यसरी हर्षोल्लासले मनाएको देखिदैन । त्यसभन्दा पछिको इतिहासलाई हेर्ने हो भने यो बैशाख पूर्णिमा मनाएको घट्नाहरु सायदै पाउन सक्ला ! त्यसैले यो बैशाख पूर्णिमा मनाउने प्रथा कहाँदेखि चल्यो भन्ने प्रश्न उठ्नु स्वाभाविक हो ।



Downloaded from http://www.dhamma.digital

जसरी बुद्धधर्मको बिकास तथा फैलाउने काममा सम्रात अशोकको देन छ त्यसैगरी यो बैशाख पूर्णिमालाई मनाउने क्रममा पनि अशोकको शिलालेखबाट नै यो दिनको महत्वका ईतिहासलाई खोलेको देखिन्छ । उहाँका अभिलेखहरु मध्ये अभिलेखमा यो पूर्णिमालाई बुद्धानुस्मृतिको रुपमा भव्यताका साथ मनाएको वर्णन देखिएको छ । उक्त अभिलेखका अनुसार उहाँले यो पूर्णिमाको दिनमा विभिन्न रुपले नाना प्रदर्शनहरु गरेर मनाएको खबर प्रस्तुत भएको छ । त्यस दिनमा प्रदर्शन गरीएको सजिसजाउहरुलाई सबै जनताहरुले प्रसंशा गरेका थिए । त्यसैगरी चीनबाट तीर्थयात्रामा आउनु भएका फाहियान तथा व्हेङ्ग साङ्गको यात्रा बृतान्त पनि अर्को महत्वपूर्ण श्रोत हो जस्ले त्यसबेलाका धेरै विवरणहरुलाई जिवितता दिएका छन् । त्यसैगरी व्हेङ्ग साङ्गको बृतान्तानुसार राजा अशोक पछिका राजाहरुले पनि उहाँले जस्तै यो बैशाख पूर्णिमा हरेक बर्ष चार पांग्राको रथ बनाएर त्यसको माथि बुद्धको प्रतिमा राखेर सहर परिक्रमा गरी मनाउने गर्दथे । तर अफसोचको कुरा यो प्रथालाई बौद्धहरुले विभिन्न आन्तरिक र वाह्य कारणहरुको फलतः निरन्तरता दिन सकेका थिए ।

वर्तमान बुद्धधर्मको प्रचार प्रसारको इतिहासलाई राम्ररी अध्ययन गर्ने हो भने श्रीलंकाको बौद्ध इतिहासलाई नै आधार लिनुपर्ने हुन्छ र बर्तमान बुद्धधर्मको प्रचार प्रसारमा पनि श्रीलंकाको धेरै नै देन रहेको छ । त्यसैगरी यो बैशाख पूर्णिमा मनाउने दिनको विवरण पनि व्यापकरुपमा फैलाउने कार्यमा उहाँहरुको देन नै बढि रहेको देखिन्छ । **महावंश र दीपवंश** श्रीलंकाको इतिहासका महत्वपूर्ण ग्रन्थहरु मध्येका प्रमुख ग्रन्थहरु हुन् । महावंशमा उल्ले भए अनुसार २१०० बर्ष अगाडीका श्रीलंकाका राजा दुत्थगामिनीले (King Dutthagamini 101-77 BC) यो बैशाख पूर्णिमा देश भरी नै मनाउन लगाएका थिए । महावंशमा भनिएको छ **“महावेसाखपूजा च चतुवीसति कारयि”** अर्थात राजा दुत्थगामिनीले यो बैशाखपूर्णिमा २४ पटकसम्म मनाई सक्नुभएको छ । त्यसैगरी उहाँ पछिका राजाहरुले पनि उहाँले जस्तै विभिन्न रुपले हरेक बर्ष यस परम्परालाई मनाउने यो ग्रन्थले प्रष्ट्याएको छ । राजा दुत्थगामिनी पछिका राजा भतियले (King Bhatiya)



Downloaded from http://www.dhamma.digital


२८ पटक, राजा वसभा (King Vasabha) ले ४४ बर्षसम्म, साथै अरु राजाहरुबाट पनि यो दिनलाई मनाएको बिवरण प्रस्तुत भएको छ । राजा वोहारतिस्स (King Voharatissa 269-219 CE), राजा गोथाभय (King Gothabhaya 309-322 CE), राजा जेठातिस्स (King Jetthatissa 323-333 C.E.), राजा दलमूगलन् (King Dalamugalan 611 - 617 C.E.), राजा सेना द्वितिय (King Sena II 851 -885 CE.) आदि राजाहरुले पनि यो दिनलाई भब्य रुपले मनाउने गरेको वर्णन गरिएका छन् । त्यसैले श्रीलंका नै यो बैशाख पूर्णिमा मनाउने देशहरु मध्ये अग्र स्थानमा पर्ने देखिन्छ र त्यहाँबाट नै प्रयोग गरीएको अंग्रेजी शब्द (Vesak) वेसाख शब्दलाई नै संयुक्त राष्ट्रसंघले प्रयोग गरेको देखिन्छ । साथै यो दिनलाई सार्वजनिक दिनको रुपमा मनाउनको लागी प्रस्ताव पेश गर्ने प्रथम देश नै श्रीलंका थियो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# नेपालमा बैशाख पूर्णिमाको महत्व



हामी, हाम्रो नेपाल भगवान बुद्ध जन्मेको देश भनेर गर्व गर्छौं । बुद्धलाई नेपालको एक राष्ट्रिय विभूतिको रुपमा संसारमा ढोल बजाएर चिनाउछौं तर त्यही नेपालमा उहाँको यो धर्मलाई नकारेर सयौं बर्षसम्म गाडेर राख्यो । उहाँको धर्म नेपाली समाजमा नआवोस भनेर अतीत र वर्तमान कालमा विभिन्न अनैतिक कार्यहरु पनि भएको प्रसस्तै छन् । संसारबाट उहाँको जन्मथलो भनेर लुम्बिनीलाई जुन मान र सन्मान दिईएको छ त्यस मान र सम्मानको नै राम्रो परिचालन गर्न सकेका छैन हाम्रो नेपाल सरकारले । भारत सरकारले बुद्धसंग सम्बन्धित स्थानहरुमा जति लगानी गरेर आफ्नो पर्यटन व्यवसायलाई माथि ल्याउने र साथै बुद्ध नै भारतमा जन्मेको हो भन्ने भ्रम फैलाउने गरेको छ । तर नेपालमा पर्यटन क्षेत्रमा मात्र केहि हद सम्म प्रचार भएपनि सञ्चार कर्मी तथा पत्रकारहरुबाट यसतर्फ त्यति ध्यान दिएको देखिदैन । त्यसैले नेपालको आँगनमा नै बुद्धलाई विभूतीका रुपमा प्रस्तुत गर्ने प्रयासहरु भएपनि उहाँलाई संसारको एक महत्वपूर्ण धर्मका संस्थापकको रुपमा प्रस्तुत गर्न नचाहेको अन्तराष्ट्रिय क्षेत्र मा नै लज्जास्पत देखिन्छ । त्यसैले उहाँका ती अविस्मरणीय घटनाहरुको स्मरण स्वरुप मनाउने बैशाख पूर्णिमा,नेपालमा सम्राट अशोकको पालादेखि कतिको चलनमा छ भन्ने अनुसन्धानकै विषय रहेको छ । तर आफनै आँगनमा गाडिएर बस्नु परेको बुद्धधर्मले बीसौं शताप्दिमा नयाँ जागरण पायो र नेपालमा बैशाख पूर्णिमाले पनि नयाँ मोड लियो। त्यसको सुरुवात कलकत्तामा अध्ययनको लागि आउनुभएका धर्मादित्य धर्माचार्य ज्यू द्धारा सन् १९२४ तिर वैशाख पूर्णिमालाई नेपालमा पूनः भित्र्याउने कोशिसबाट भयो । उहाँले यो बैशाख पूर्णिमाको महत्वका बारेमा **बुद्धधर्म** नामक बौद्ध पत्रिको प्रकाशन मार्फत प्रचार प्रसारमा ल्याउनुभएको थियो । साथमा केहि समय पश्चात बैशाख पूर्णिमाको दिनमा



Downloaded from http://www.dhamma.digital

लुम्बिनीमा हिंसा बन्द गर्न पनि उहाँ सफल हुनुभएको थियो । उहाँको त्यो बौद्ध जागरणको साथमा नेपालमा थेरवाद बुद्धधर्मको पुर्नरुत्थानका पाईलाहरु पनि शुरु भएका थिए । यो पुर्नरुत्थानका पाईलाहरुमा भिक्षु महाप्रज्ञाले प्रथम स्थान लिनुभएको छ भने भिक्षु प्रज्ञानन्द महास्थविरले नेपालमा आउनु भएर धर्मप्रचार गर्नमा अग्रता लिनु भएको देखिन्छ । भिक्षु प्रज्ञानन्द महास्थविरले भिक्षु महाप्रज्ञासंग धर्मका कुराहरु सुनेर पछि तिब्बती बुद्धधर्ममा दिक्षा लिनुभएका थिए । पछि भारतमा चारधाम दर्शनको लागी भिक्षु महाप्रज्ञासंग जानुभएको समयमा बर्माका भिक्षु चन्द्रमणी महास्थविरसंग भेट भएपछि फेरी थेरवाद बुद्धधर्ममा सन् 1930 मा श्रामणेर दिक्षा लिनुभएको थियो । उहाँ नेपालमा बुद्धधर्म प्रचारको लागी आउनु भएको केहि समय पछि बर्मामा अध्ययनको लागी जानु भएको थियो र त्यहाँ उपसम्पदा हुनु भई भिक्षु प्रज्ञानन्द हुनुभएको थियो । उहाँ जीवनभर भिक्षु जीवन बिताउनु भई नेपालको प्रथम संघमहानायक पनि हुनुभएका थिए । त्यसैगरी भिक्षु अमृतानन्दको देन र प्रभावको साथै अरु प्रथम युगका थेरवादी भिक्षुहरुको अथक प्रयास र उहाँहरुको योगदान स्वरुप नै आज नेपालको धरातलमा बुद्धधर्मले राम्रो स्थान ओगट्न सफल भएको छ । आज उहाँहरुकै योगदान स्वरुप सयौंको संख्यामा बुद्धधर्ममा भिक्षु श्रामणेर तथा अनागारिकाहरुले प्रव्रजित हुने सुवर्ण मौका पाएर धर्मको स्वाद लिन सकिरहेका छन् ।

नेपालमा बुद्धधर्म पुर्नरुत्थानको दौरानमा बैशाख पूर्णिमाले ठूलो भूमिका खेलेको देखिन्छ । बैशाख पूर्णिमाको दिनलाई आधुनिक नेपालमा प्रथमबार धर्मादित्य धर्माचार्य ले मनाउन सफल भएको थियो । साथमा उहाँले यस्को महिमालाई प्रकाश पारेको केहि समय पश्चात आधुनिक नेपालका प्रथम भिक्षु महाप्रज्ञाले सन् 1928 मा भारतको कुशिनगरमा बर्माका भिक्षु चन्द्रमणी महास्थविरसंग थेरवाद बुद्धधर्ममा श्रामणेर दिक्षा लिनुभएको थियो । श्रामणेर दिक्षा लिनुभएको केहि समय पछि नेपालको भोजपुरमा भिक्षुको उपस्थिती सहित नेपालको प्रथम बैशाख पूर्णिमा मनाएको विवरण देखिन्छ । त्यसैगरी काठमाण्डौंमा स्व. चित्तधर हृदयको घरमा यो दिनलाई दोश्रो पटक सफलताका साथ मनाएका थिए भनी नेपालको बौद्ध इतिहास बताउँछ । यसैप्रकारले नेपालमा बुद्धधर्मको पुर्नर्जागरण संगसगै यो दिन पनि संगै



Downloaded from http://www.dhamma.digital

आएको देखिन्छ । यो दिन नेपालमा बुद्धधर्म पूर्नर्जागरण तथा उत्थानको लागि एक महत्वपूर्ण हेतु पनि बनिसकेका थिए । सन् 1944 उचभभतष सानो परिधिमा भएपनि यो बैशाख पूर्णिमाको दिनलाई मनाउन शुरु भएका थिए । त्यो बर्षमा श्री ३ मोहन शम्शेरले सरकारी बौद्ध कर्मचारीहरुलाई मैउचभभतषि मण्डलको अनुरोध अनुसार यो दिनमा बिदाको घोषण गरी दिएको थियो ।

राज्यस्तरमा केहि हदसम्म यो दिनलाई मनाउने कार्य सन् 1948 जूनमा शुरु भएको देखिन्छ भने सारा नेपालीहरुका लागि नै एक सार्वजनिक राष्ट्रिय पर्वको रुपमा सन् 1951 (बि.स. २००७) देखि शुरुवात भएको थियो । त्यसैगरी राणाशासनको अन्त्य पश्चात बि.सं. २००८ साल जेष्ठ ७ गते आनन्दकुटीमा बैशाख पूर्णिमा मनाउन सवारी होइबक्सेका श्री ५ त्रिभुवन महाराजाधिराजको आदेशानुसार यो नेपाल देशभरीको लागी नै सार्वजनिक विदाको दिनको रुपमा घोषण भएको थियो । यसरी सयौं बर्षदेखि आफ्नै घरको पिँजडामा थुनेर राखेको बुद्धधर्मले खुल्ला आकासमा स्वतन्त्रताको स्वास फेर्न पाएको थियो ।

त्यसैगरी श्री ५ महेन्द्रबाट बि.सं. २०१२ सालमा भगवान बुद्ध परिनिर्वाण हुनुभएको २५०० बर्ष पूरा भएको अवसरमा यो दिनमा देशभरी नै हिंसालाई बन्द गर्न हुकुम बक्सेको थियो । स्मरण रहोस्, लुम्बिनीमा मायादेवीको मूर्तिलाई रुम्मिनदेवीमाईको नामबाट गरीने हिंशालाई धर्मादित्य धर्माचार्यको प्रयासबाट नेपालमा बुद्धधर्मले स्वतन्त्रता पाउनु अगाडी नै बन्द गर्न सफल हुनु भएका थिए । त्यसैले श्री ५ महेन्द्रको यो दिनमा अधिराज्य भरी नै हिंसा बन्दको घोषणाबाट बुद्धधर्मले खालि राज्यस्तरबाट स्वतन्त्रता पाएको नभई, भगवान बुद्धको धर्महरु मध्येमा एक प्रमुख धर्म अहिंसाको पनि प्रचार शुरु भयो । त्यसै बर्षमा बौद्धभ्रात्रसंघको चतुर्थ बिश्व बौद्ध सम्मेलनमा भिक्षु अमृतानन्दको प्रयासानुसार नेपालमा आयोजन गर्न सफल भएका थिए । यसरी नेपालको बुद्धधर्म पुनरुत्थानको दौरानमा यो बैशाख पूर्णिमा पनि संगसंगै आएको र हाल यो राष्ट्रिय पर्वको रुपमा सार्वजनिक विदाका साथै हिंसाको पनि रोक भएको छ । यो दिन सम्पूर्ण नेपालीहरु बडो हर्षोल्लासले मनाउने गरीन्छ । केहि स्थानमा राजा अशोकको समयमा झै रथमा भगवान बुद्धको मुर्ति स्थापना गरी



Downloaded from http://www.dhamma.digital

बाजा गाजाका साथ नरनारीहरु शान्तिका नारा सहित सत्य धर्मको प्रचार, बुद्धधर्म ज्ञानका नाराहरुका साथ नगर वा गाउँको परिक्रमा गरी मनाउने चलन छ। यसरी भव्य रुपमा मनाउने क्रममा ज्ञानमाला भजनले सुनमा सुगन्ध भने झै मनोरन्जनका साथमा धर्मका सन्देशहरुलाई पनि हृदयसम्म पु-याउन सफल भएको र ज्ञानका गीतहरु गाउँदै सारा देशभरी नै मनाउने गरिन्छ।

यसरी धर्मादित्य धर्माचार्यको कार्यलाई निरन्तरता दिने क्रममा थेरवादि भिक्षुहरुको अथक प्रयास र योगदान स्वरुप यो बुद्धधर्मले राष्ट्रव्यापी महत्व पाउनुका साथै विशेषत बैशाख पूर्णिमाले अधिराज्य भरी नै व्यापकरुपमा बौद्धहरुको मात्र नभई सारा जनताको नै एक राष्ट्रिय सामूहिक धार्मिक उत्सवको रुपमा विकास भएको छ। राष्ट्रिय स्तरमा नै यस बुद्ध पूर्णिमालाई सफलता पूर्वक मनाउनको लागि बुद्ध जयन्ति समारोह समिति पनि स्थापना गरीसकेको र हरेक वर्ष यसै समितिबाट विभिन्न सहर र गाऊँमा कार्यक्रमहरुलाई कार्यन्वयन गर्नुका साथै भिक्षुहरुलाई पनि निमन्त्रण गरेर धर्मप्रचारार्थ पठाउने गरेको छ। यसरी एकमा अर्को गर्दै बैशाख पूर्णिमाले राज्यस्तरबाट पाएको स्वतन्त्रता नै बुद्धधर्मको विकासमा र प्रचार प्रशारमा तथा आफ्नै घरको आगनमा उठने ठाउँ पाउन सफलका साथै बौद्धधर्मका संस्थापक एवं नेपालका सुपुत्र गौतम बुद्धको धर्मलाई नेपाली जनताहरुको सामु ल्याउन यो बैशाख पूर्णिमाले प्रमुख भूमिका खेलेको देखिन्छ।

अफसोचको एउटा कुरा छ, आजभोलि बुद्धधर्म प्रचारको नाममा धर्म र संघलाई आफ्नो भौतिक बस्तुको आयस्ता बढाउनमा प्रयोग गर्ने प्रयास भएको एवं उक्त बिषयमा गुनासो र निन्दाहरु पनि धेरै नभएका होइनन्। त्यसैले उपरोक्त सम्बन्धमा सम्बन्धित संघ संस्थाहरु तथा व्यक्तिहरुले अझ सतर्कताका साथ काम गरी धर्मको प्रचारमा लाग्न सकेमा अझ सुनमा सुगन्ध हुने देखिन्छ। विचार गर्ने हो भने बुद्ध स्वयं पनि भन्नुहुन्छ तृष्णाको कुनै सीमा हुँदैन। त्यहि तृष्णाकै कारण अकुशल कर्म स्वरुप भौतिक बस्तुको सञ्चयबाट यस लोकमा र परलोकमा समेत सुखदायी नहुने गर्छ। फलत भय, अन्तराय सहित निन्दा र आलोचनाका पात्र मात्र बन्नु बाहेक कुशल कर्मको सञ्चय नहुने देखिन्छ। तर जेहोस्, कर्म र कर्मफललाई अलिक विचार गरेर कार्य गर्न सकेको खण्डमा स्वयंलाई अझ लाभदायक पनि हुने र




Downloaded from http://www.dhamma.digital

बहुजन हिताय र सुखाय भनेझै बुद्ध जयन्तिको प्रचार स्वरुप बुद्धधर्मका ज्ञानलाई अध्ययन एवं अभ्यास गर्ने मौका सारा नेपालीले नै पाउने छ । अनिमात्र बैशाख पूर्णिमाको सार फैलिने देखिन्छ र सारा नेपालीको लागि नै एक गौरवमय पूर्णिमाको रुपमा चिनिनेछ ।



Downloaded from http://www.dhamma.digital

# संयुक्त राष्ट्रसंघव्दारा विश्वदिवसको घोषण



बैशाख पूर्णिमाको दिन नेपाली र बौद्धहहरुको लागी मात्र गौरबको बिषय नभई आज आएर संसारको लागी नै गौरबको बिषय हुन पुगेको छ । आज संसारलाई बिभिन्न प्रकारका भय त्रास झै-झगडा आदि कुराहरुले सताई रहेको छ । कहिँ धर्मको नाममा लडाईहरु भइराखेका छन् त कहिँ नाम र कामको बिषयलाई लिएर त कहिं गृहयुद्धबाट । संसार भरी नै अशान्तिको विगबिगी भईरहेको छ । आजभोली जताततै शान्तिका कुराहरु चलिराखेका छन् । राजनैतिक क्षेत्रबाट शान्तिलाई पाउने आशाहरु निराशामा परिणत भईसकेका छन् । त्यसैले धार्मिक क्षेत्रलाई आधार बनाउन थालेका छन् । त्यसैक्रममा बुद्धधर्मलाई नै शान्तिको मार्गदर्शकको रुपमा लिन थालेका उदाहरणहरु हाम्रो अगाडी प्रशस्त छन् । यसैलाई मध्यनजर गर्दै बौद्ध देशहरुव्दारा राखेको प्रस्तावलाई संयुक्त राष्ट्रसंघको मुख्य कार्यालय न्यूयोर्कमा १५ डिसेम्बर १९९९ का दिन भएको साधारण बैठकले यो बैशाख पूर्णिमाको दिनलाई संसारको सार्वजनिक दिन तथा विश्वको सबै संयुक्त राष्ट्र संघका शाखा कार्यालयहरुमा मनाउनको लागी घोषणा गरीएको थियो । त्यसैले यो दिन आजभोलि विश्वदिवसको रुपमा संसारभरी नै एक महत्वपूर्ण दिनको रुपमा मनाउने गरिन्छ । हरेक बर्षमा विभिन्न देशले प्रतिनिधित्व लिएर मुख्य कार्यालयमा यो दिनको तयारीका लागी जाने गर्दछन् र भव्यताका साथ मनाउने गरीन्छ । सन् २००० र २००१ मा श्रीलंका सरकारको सहयोगले श्रीलंकाका बौद्धहरुले प्रथमवार र दोश्रोवार संयक्तराष्ट्र संघको मुख्य कार्यालय न्यूयोर्कमा भव्यरुपले मनाउन सफल भयो । त्यसपछि २००२ मा बर्मा सरकारको सहयोगबाट संयुक्तराष्ट्र संघको मुख्य कार्यलयमा मनाएका थिए । २००३ मा हाम्रो छिमेकि देश भारत सरकारले यो कार्यक्रमको लागी सहयोग दिएको थियो र त्यहाँका बौद्धहरुले आफ्नो देशको विभूतिको रुपमा प्रस्तुत गरी मनाएका



Downloaded from http://www.dhamma.digital

थिए । गत दुईबर्षसम्म २००४, ५ र ६ मा थाईलैण्ड सरकार र थाई बौद्धहरुबाट संयुक्त राष्ट्रसंघ मुख्यकार्यालयमा मनाएका थिए । थाईलैण्ड सरकारले थाई बौद्धहरुको नेतृत्वमा संयुक्तराष्ट्र संघको मुख्यकार्यालय न्यूयोर्कमा मात्र मनाएको नभई आफ्नो देशमा पनि सातदिनसम्म ठूलो धूमधामले मनाएको थियो । साथमा सन् २००५, ६ र ७ थाईसरकारको सहयोगमा विभिन्न देशहरुबाट बौद्ध प्रतिनिधिहरुलाई निमन्त्रण गरेर बौद्ध गतिविधि तथा भविष्यको लागी पूर्वाधार सम्बन्धि पनि छलफल गरीएको थियो ।

छिमेकी देश भारत जहाँ हिन्दुधर्मको बाहुल्यता भएको देश भएपनि आफ्नो देशको पर्यटकीय विकासको निहुमा होस् वा धार्मिकरुपले श्रद्धाबाट नै किन नहोस्, भारत सरकार यो दिनलाई मनाउन सफल भएका छन् । साथै बुद्धसंग सम्बन्धित क्षेत्र तथा स्थानहरुमा पनि आवश्यक विकासका कार्य योजनाहरुलाई अगाडी बढाएको हामी पाउँछौ । त्यसै गरी सन् २००८ मा भियतनाम सरकारबाट यो दिन अन्तराष्ट्रिय रुपमा मनाउने घोषणा भए अनुसार सफल पूर्वक मनाएको थियो । साथै सन् २००९ र २०१० मा पुनःथाई सरकारको अनुदान र सहयोग सहित महाचुलालंकार बौद्ध विश्वविद्यालयले विश्व भरिका बौद्ध विध्दानहरुको सम्मिलित गराई सफलता पूर्वक मनाउन सफल भयो । हाम्रो देश नेपाल जहाँ बौद्ध धर्ममा संस्थापक शिद्धार्थ गौतमको जन्म भएको थियो, त्यही देशले आजसम्म यो दिनलाई बौद्धहरुले बाहेक सरकारले आवश्यक विचार गरेको वा पु-याएको देखिंदैन । नेपालमा यो दिनलाई बौद्धधर्महरुको बाध्यताको कारणले होस् वा अरु कुनै कारणबाट होश केहि स्तरमा भएपनि मनाउने गरेको देखिन्छ । सायद बौद्धहरुको नै कमजोरी हो वा सरकारमा अरु धर्मको बाहुल्यता भएको कारण यस विषयमा शान्त भएको हो, यस विषयमा बौद्धहरु तथा सरकारले ध्यान पु-याउनु जरुरी देखिन्छ । बैशाख पूर्णिमालाई जसरी अरु देशहरुले विश्वव्यापी रुपमा मनाउन सफल भएका छन त्यसरी नै नेपालको कहिले कुन बर्ष हुने हो भन्ने आशा र भरोसामा नै बौद्धहरु बस्न बाध्य छन् । तर जेहोस् चाहे बाध्यताबाट नै किन नहोस आजभोलि सरकारबाट पनि केहि हदसम्म समर्थनका कदमहरु चालेको देखिन्छ । यो दिनमा सारा नेपाली बौद्धहरुले पनि विभिन्न रुपमा कार्यक्रमहरु संचालन गर्ने गरेका छन् र



Downloaded from http://www.dhamma.digital

ती कार्यहरुमा बाधा नबनिदिनु नै एक उत्तमको रुपमा लिन सकिन्छ। हुनतः आफ्नै देशको सुपुत्रको नाम संसारमा चलिराखेको समयमा अन्तरराष्ट्रिय क्षेत्रसम्म पनि हात राखेर मनाउनु पर्ने हो तर विभिन्न कारणवस् हुन सकेका छैनन्। खाली भविष्यमा सरकारी क्षेत्रबाट पनि बुद्धधर्मको लागी केहि कदम चलाउला की ? गर्लान की होला की भन्ने आशाका साथ दुर्वल असहाय नेपाली बौद्धहरुले यो बौद्ध धर्मको रथलाई खिच्दैछन् र धकेल्दैछन् आफ्नै घरको आँगनमा। आशा छ दियोमुनि पनि छिटटै नै अध्यारो हटेर उज्यालो छाउन सकोस। जसरी त्यो दियोको ज्योतिले सारा विश्वलाई उज्यालो दिनमा सफल छन त्यसरी नै अमफनो आगनमा पनि उज्यालो छाउन्।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## बोधिसत्व गर्भ प्रवेशको स्वप्नमा मायादेवी





Downloaded from http://www.dhamma.digital

# बोधिसत्वको जन्म

# (Birth)

आनन्द ! एकलोक धातुमा दुई बुद्ध हुन सक्दैन ...असम्भव छ ...
एउटा लोक धातुमा एउटै मात्र बुद्ध हुन सक्दछ। (-स्थान जेतवनविहार)
(पाली बहुधातुकसुत्र उपरि.म. १४/१७१/२४५)

बैशाख पूर्णिमाका दिनमा सबै बौद्धहरुले बडो हर्षोल्लासले आमिस पूजा वा बिभिन्न प्रकारका धूप फलफूल नैवेद्य आदि चढाएर मनाउने गर्दछन् र पटिपत्ति पूजा वा उहाँव्दारा देशित मार्गमा लागेर उहाँको गुणहरुलाई स्मरण गरेर पूजा गर्ने गर्दछन् मनाउने गरीन्छ। यो दिनसंग सम्बन्धित अविश्मरणीय तीन दिनहरु उहाँ राजकुमार सिद्धार्थ गौतमको जन्म, सम्बोधी लाभ पश्चात बुद्ध हुनुभएको र महापरिनिर्वाण हुनु भएको बिषयमा छोटो वर्णन प्रस्तुत गर्दैछु।

आजभन्दा करिब छब्बिस सय वर्ष अगाडि अर्थात् बुद्ध सम्बत ८० वर्ष पूर्व (623 B.C.) वर्तमान नेपालको तराई भू-भाग लुम्बिनी अञ्चल अन्तर्गत लुम्बिनी वनमा बोधिसत्व सिद्धार्थ राजकुमार (बुद्ध हुने) को जन्म भएको थियो। यो क्षेत्रमा शाक्य वंशीय राजाको राज्य भएको कुरा ऐतिहासिक र पुरातात्विक प्रमाणहरुद्वारा पनि सिद्ध भएको छ। सम्रात अशोकद्वारा राखिएको ब्राम्ही लिपी बौद्धशिला अभिलेखद्वारा पूर्णरुपले नै प्रस्त्याउछ। उक्त अभिलेखमा शाक्यमुनि गौतम बुद्धको जन्म यसै स्थानमा भएको हो भनी अंकित भएको छ।

आजभन्दा 623 B.C. अघि शाक्यवंशीय राजा शुद्धोदन महाराजाले कपिलवस्तु नगरमा राज्य गर्दथे। उहाँका महारानी महामायादेवीले धेरै वर्ष पश्चात गर्भ धारण गरिन्। भनिन्छ कि एक रात महारानी महामायादेवीले सपनामा एउटा सेटो हात्ती उहाालाई प्रदक्षिण गरी उहाँको गर्भमा प्रवेश गऱ्यो। उक्त सेतो हात्ती तुषित देवभुवनमा बस्नुहुने सम्बोधी लाभ गर्न तत्पर र विपश्यनाले विशुद्ध भइसक्नु भएका श्वेतकेतु नामको देवपुत्रले शुद्ध हुन च्युति हुनु भई यस मनुष्यलोकमा आउनु



Downloaded from http://www.dhamma.digital

भएको हो । शील सदाचार व्यवहारले पूर्ण वहाँको कोखमा श्वेतकेतु बोधिसत्व १० महिना पूरा मायादेवीको कोखमा बस्नु भयो । गर्भ दसौं महिना भएपछि महारानी महामायादेवी शुद्धोदन महाराजसंग पुरानो रीति रिवाज अनुरुप बोधिसत्व जन्मको लागि माइतीघर देवदह नगर जाने अनुमती मागिन । वर्षौंपछि पिता हुन पाउने खुसीले प्रफुल्लित भएका महाराज शुद्धोदनले महामायादेवीलाई माइतीघर जाने तुरन्तै अनुमती दिनु भयो ।

देवदह नगर सवारीको लागि भव्य तयार गरियो । महारानी मायादेवी सुचारिकाहरु र अमात्यहरुको ठूलो फौंज सहित देवदह नगर तर्फ प्रस्थान गर्यो । कपिलवस्तु र देवदह नगरको बीचमा एउटा वन (उद्यान) थियो त्यो हो **लुम्बिनी वन** । ललितविस्तरमा गरिएको व्याख्यान अनुसार लुम्बिनी वन एक हराभरा, रंगीविरंगी फूलहरुले भरिएको र विभिन्न चराचुरुङ्गीहरुको स्वरले गुञ्जिरहेको/भरिएको एक रमाइलो बगैचा (उद्यान) हो । यो कपिलवस्तु र देवदहवासीको साझा बगैंचाको रुपमा पनि वर्णन भएको पाउँछौ । दुबै नगरका जनताहरु यस बगैंचामा आई आराम लिन आउने गर्दथे । त्यसैकारणले महारानी मायादेवी पनि उक्त उद्यानमा घुम्ने रहर गरेको गाथामा यसरी व्याख्या गरेको पाउँछौ ।

**"सा लुम्बनीनाम्नि वने मनोज्ञे ध्यानप्रदे देववनादनूने ।**
**वासेच्छया प्राहपतिं मनोज्ञे सत्वानिभं दोहदमामनन्ति ॥"**

अर्थात् विश्वास गर्न योग्य महारानी मनोज्ञे, ध्यानप्रद र देववन झै भएको यस लुम्बिनी वनमा घुम्ने ईच्छाले राजा शुद्धोदनबाट अनुमती लिन जानु भयो । गर्भवती महारानी महामायादेवीको इच्छा पूर्ण पार्न राजा शुद्धोदनले पनि लुम्बिनी घुम्ने अनुमती दिनु भए ।

कपिलबस्तुबाट देवदह नगर जाँदा यो वनलाई नाघेर जानुपर्थ्यो । महारानी मायादेवी लुम्बिनी आइपुग्दा उहाँलाई यस लुम्बिनी बगैंचामा विचरण गर्ने इच्छा उत्पन्न भयो । अमात्य र राजपरिवारहरु उहाँसंगै लुम्बिनी बगैंचामा उहाँको इच्छानुरुप बगैंचा भ्रमण गरे । लुम्बिनीको प्राकृतिक सौन्दर्यमा महारानी आनन्दित थिइन । त्यसैक्रममा एक शाल बृक्ष नजिक आईपुग्नु भयो । थकाई मार्न उक्त



Downloaded from http://www.dhamma.digital

शालवृक्षको हांगालाई समात्नु भयो । त्यही बेला उहांको गर्भमा परिवर्तन भई प्रसवको बेला भएको अनुभव गरी सुचारिकाहरुलाई स्थान तयार गर्न लगाए । सुचारिका र अमात्यहरुले पनि तुरुन्त प्रसवको लागि स्थान तयार गरिदियो । उहाँले हाँगा समात्दै गर्दामा नै बोधिसत्व राजकूमारलाई जन्माउनु भयो । **महापुरिसो पन... विसाख नक्खत्तेन जातो च** अर्थात उहां महांपुरुस बैशाख नक्षत्रका दिनमा जन्म हुनुभयो (बुद्धवंश, खुद्दकनिकाय) । त्यसैले त्यो दिनलाई बैशाख पूर्णिमाको दिन भएको भनि पालि वांगमयमा प्रस्तुत भएको छ भने थाईलैण्डका ज्योतिषहरुको अनुसन्धान अनुसार उहाँको जन्म शुक्रवारको दिन दिउँसो १२ बजेको थियो ।

ललितविस्तरका अनुसार महारानी मायादेवीले समात्नु भएको वृक्ष प्लक्ष वा पाखरीको हाँगा थियो । उहाँले त्यो वृक्षको हांगालाई समाती हाई गर्नु हुंदा श्वेतकेतु बोधिसत्व गर्भमलले रहित भई करुवाबाट पानी खन्याउने जस्तै गरी आमालाई कुनै दुःख नहुने गरी जन्मनु भयो । त्यसैबेलामा सहम्पति महाब्रम्हाले बोधिसत्वलाई गौरवपूर्वक दिव्य काशीकने बस्त्र चढाई ग्रहण गरी राजमाताको अगाडि राखी दिए । बोधिसत्व राजकुमार केहिवेर उभिनु भयो । कसैले उहाँलाई समातेको थिएन साथै ७ पाईलासम्म पैदल पनि जानुभयो । उहाँको हरेक पाईलामा ठूला ठूला कमलको फूल उत्पन्न भएको थियो । नागराजाले पनि शुक्ष्म दिव्य जलधारा वर्षा गरी स्नान गराइदिएको थियो । सात पाईलासम्म गईसकेपछि उहाँले यस्तो उदान बोल्नु भएको थियो ।

**"अहं लोके श्रेष्ठः श्रेष्ठः इयम् में पश्चिमा जाति,**
**कारिष्यामि जाति जरा मरणस्यान्तम् ॥"**

अर्थात् यो लोकमा म श्रेष्ठ छु । र श्रेष्ठ हुँ । यो नै मेरो पछिल्लो जन्म हो र जाति जरामरणलाई अन्त गर्नेछु ।

त्यसैगरी पालि वाङ्मयको दीघनिकायको महावर्गमा र मज्झिमनिकायको उपरिपण्णासमा पनि यसरी प्रस्तुत भएको छ । **"अग्गो हमस्मि लोकस्स, जेट्ठो हमस्मि लोकस्स सेट्ठो हमस्मि लोकस्स"** अर्थात यसलोकमा म अग्र छु, जेष्ठ छु र श्रेष्ठ छु । ग्रन्थानुसार भनिन्छ, यसरी उहाँले यो वाक्य तीन पटक सम्म



Downloaded from http://www.dhamma.digital

महोसथराजकुमार भएर जन्मनु भएको समयमा, विसन्तर राजा भएर जन्मनु भएको समयमा र सिद्धार्थ राजकुमार भएर जन्मनु भएको समयमा उदान गर्नुभएको थियो। यसरी उहाँले उदान गर्नुभएको प्रमुख उदेश्य नै देववादीले पूर्ण भएको समाजमा जेष्ठ भनेर सम्पूर्ण देव र मनुष्यहरुमा नै जेष्ठ भएको देखाएको छ । त्यसैगरी हामीहरु आफ्नो भविष्यलाई सपार्न सक्दछौ । त्यसैगरी त्रिपितकको खुद्दक निकायको पांचौं पुस्तक सुत्र निपातको नालकसुत्रको पांचौं गाथामा यस्तो पनि भनिएको छ ।

**"सो बोधिसत्तो रतनवरो अतुल्यो, मनुस्य लोके हितसुखाय जातो ।**
**सक्यानं गामे जनपदे लुम्बिनेय्ये, तेनम्ह तुट्ठा अतिखि कल्यरुपा ॥"**

अर्थात्, सम्पूर्ण प्राणीहरुको हितसुखको लागि मनुष्यलोकमा शाक्य जनपद (कपिलवस्तुनगर, लुम्बिनी) मा लुम्बिनी नामक गाउँमा उत्तम र अतुल्य महामानव बोधिसत्व (श्वेतकेतु) को उत्पन्न (जन्म) भएको छ । त्यसैले हामी सबै खुसी र हर्षित छौं । त्यसैगरी थेरीगाथामा भिक्षुणी महाप्रजापती गौतमी (गौतमको सानीआमा) ले गाथाद्वारा यस्तो भन्नु भएको छ :

**"बहुनं वत अत्थाय, माया जनयि गौतमं ।**
**ब्याधिमरण तुन्नानं, दुक्खक्खन्धं ब्युपादुनि ॥"**

अर्थात्, धेरैको कुशल (राम्रो) गर्नका लागि मायाद्वारा महामायादेवीले गौतम (बुद्ध) लाई जन्म दिनुभयो । उहाँले ब्याधि र मरणले पीडितहरुलाई दु:ख कष्टबाट छुट्कारा पारीदिनुहुनेछ ।

सिद्धार्थ राजकुमार (बोधिसत्व) को जन्म भएको ५ दिनमा ब्राह्मणहरुलाई राजदरवारमा निमन्त्रण दिएर भव्यरुपले दानधर्म कार्य गरेका थिए । ती मध्येमा विशेष रुपले जान्ने र बुझ्ने ८ जना ब्राह्मणहरुद्वारा सो सुकर्मलाई सिद्धार्थ वा सर्वार्थसिद्ध भनि नामाकरण साथै राजकुमार सिद्धार्थलाई दुई कुरामा भविष्यवाणी गरेका थिए ।

क) यदि घरमा बस्नुभयो भने महासम्रात चक्रवर्ती राजा हुनेछ । त्यसको चक्ररत्न आदि गरी सातरत्नहरु उत्पत्ति हुनेछन् ।



Downloaded from http://www.dhamma.digital

ख) घर (दरबार) छोडी प्रव्रजित हुनु भयो भने सम्पूर्ण रागादि ल्केशलाई त्यागी बुद्ध भई विश्वभरका प्राणीलाई दु:खबाट छुट्कारा पाउने धर्मलाई सिकाउनु हुनेछ वा विश्वभरका शास्ता हुनु हुनेछ ।

उहाँको जन्मदिनदेखि राजदरवारमा दानधर्म, दानपुण्य गरेको थियो । सातौं दिनमा उनकी राजमाता महारानी महामायादेवी ४५ वर्षको उमेरमा परलोक भईन र त्रायात्रिंश देवलोकमा सन्तुषित देवपुत्र भई उत्पन्न भए । बौद्धविश्वास अनुसार बुद्ध हुनुहुने बोधिसत्वको अन्तिम जन्ममा बुद्धमाता हुनुहुने स्त्रीको आयु १० महिना ७ दिनमात्र बाकी हुनेछ र शील र आचार व्यवहारले पूर्ण स्त्री हुनेछिन् ।

विचारणिय:

भिक्षु वर्ग (स्थान जेतवनविहार)

भगवान बुद्धको उत्पतिसंगै चार आश्चर्यहरु भएका थिए । ती हुन् :

क) काम गुणमा रमाईरहेकाहरु पनि काम गुणदेखि छुट्टिने धर्म सिकाउदा पनि सुन्ने, र राम्ररी बुझ्ने कोशिस गर्न आउछन् ।

ख) समत्वभावमा भुलिरहेकाहरु पनि ममत्वभावलाई छोड्ने धर्म देशना गर्दा पनि सुन्न र बुझ्ने कोशिस गर्न आउँछन् ।

ग) अशान्तिमा रमाईरहेका खेलिरहेकाहरु पनि शान्तिको धर्म सुनाउदा सुन्न र राम्ररी बुझ्ने कोशिस गर्न आउछन् ।

घ) अविज्जा/अविधाले भरिरहेकाहरु पनि अविद्याको विषयमा वा विद्याको विषयमा देशना गर्दा पनि सुन्न र राम्ररी बुझ्नेशिस गर्न आउछन् ।

- पाली, चतुक्क अ. २१/१७७/१२८



Downloaded from http://www.dhamma.digital





Downloaded from http://www.dhamma.digital

# सम्बोधिज्ञान लाभ

## (The Elightement)

उच्च अग्रपुरुष यस लोकमा उत्पति हुन धेरै गाऱ्हो छ ।
त्यो उच्च अग्र पुरुष उहाँ तथागत अरहत सम्यक सम्बुद्ध हुनुहुन्छ ।
त्यसैले भगवान बुद्धको उत्पति हुन धेरै गाऱ्हो छ ।
- पाली. एक. अं २०/२९/१४०

राजकुमार सिद्धार्थको लालन-पालन महामायादेवीको मृत्यु पश्चात उहाँकी बहिनी महाप्रजापती गौतमीबाट भयो । बालक समयदेखि नै शिक्षा-दिक्षाको लागि विश्वामित्र नामक गुरुको रेखदेखमा सुरुवात भयो । हुने विरुवाको चिल्लो पाट भने झै राजकुमार सिद्धार्थको ज्ञानको प्रौढता र लेखनशैली आदिमा चाँदै बुझ्नुहुने र जान्नुहुने लक्षणहरुले गुरुलाई नै अचम्मित पारीदिएका थिए । सानै उमेरमा नै उहाँले १८ शास्त्रहरुमा ज्ञान हासील गर्नु भएको थियो ।

उहाँले गृहत्याग गर्नु भएन भने संसारको सम्रात हुनेछन् भनि गरीएको भविष्यवाणीले गर्दा उहाँका राजपिताले सम्पूर्ण कुराहरु दरवार मै बन्दोबस्त गरीदिएको थियो । उहाँलाई संसारकै संम्रात बनाउने राजाको आशा थियो । त्यसैले उहाँ राजकुमार सिद्धार्थको बाल्यकाल र जवानीकाल धेरै ऐश आराममा बित्यो । उहाँ कपिलवस्तु राज्यका राजदायाद र उपराज थिए । महाधन सम्पत्ति सुचारिक सुचारिका र अमात्यहरुको ठूलो परिवारमा उहाँ थिए । राजा शुद्धोदनद्वारा उहाँलाई ऋतु अनुसार आरामको लागि ३ वटा रम्मे, सुरम्मे र शुभ नामक राजप्रसाद -( भवनहरु) को निर्माण गरिदिएका थिए । यसरी ऐश आराममा विभिन्न प्रकारका शिक्षा-दीक्षा र आमोद-प्रमोदका साथ पिताको अत्यन्त स्नेही भएर पन्ध्र वर्षसम्म बिताउनु भयो । त्यसैगरी सोह्रौ वर्षमा प्रवेश गर्नुहुंदा देवदहका राजा सुप्रबुद्धकी छोरी यशोधरा वा “बिम्बा” संग शु-विवाह गर्नुभयो । विवाह पश्चात २९ वर्षको उमेरमा एक पुत्र पाउनु भयो । त्यो पुत्रलाई राहुल नामकरण पछि विवाह वन्धनमा



Downloaded from http://www.dhamma.digital

बांधिसकेपछि अब आफ्नो सुपुत्र सिद्धार्थ राजकुमार दरबार छोडी प्रवजीत हुने छैन भनी राजा शुद्धोदन सन्तुष्ट थिए ।

अफसोच, नगर भ्रमणमा जानुभएका राजकुमारले देख्नु भएको चार देवदुतहरुको कारण संसारदेखि विरक्त मानी यो जन्म, जरा (बुढो) रोगी र मरणबाट मुक्ति पाउने उपायको खोजीमा उहाँ सधै डुबिरहनु हुन्थ्यो । ऐश आराम रमाईलो रमझम सुख र शान्ति क्षणिक मात्र हो भनी उहां सधै मनन गरीराख्नु हुन्थ्यो । अन्तमा श्रमण वा भिक्षुको शान्तरुपलाई देखि प्रव्रजित भई सांसारिक दु:खबाट मुक्त हुने उपायको खोजी गर्ने अठोट (-अधिष्ठान) गर्नु भयो । त्यसैले उहाँले पुत्र पाउनु भएको रात नै गृहत्याग (महाभिनिष्क्रमण) गरी प्रव्रजित हुनु भएको हो ।

ललितविस्तरमा महाभिनिष्क्रमणको व्याख्यान धेरै नै अचम्मको छ । सिद्धार्थ राजकुमार गृहत्याग गर्नु अगाडि राजा शुद्धोदनसंग पनि अनुमति लिन जानु भएको थियो । तर अनुमती पाउनु भएन । राजा शुद्धोदनले सबै राजपरिवारलाई राजकुमारलाई गृहत्याग नगराउन होशीयार हुने र रातभरी बत्ती बाल्ने आदेश पनि दिएका थिए । तर देवताहरुले सबैलाई निन्द्रामा सम्मोहित पारे तर घोडाबाहक छन्दलाई भने व्यूँझाएको थियो । त्यसै बेला राजकुमार सिद्धार्थ गृहत्यागको लागि छन्दकलाई घोडा मिलाउन आदेश दिंदा छन्दकले गृहत्याग नगर्नु हुन बोधिसत्वलाई अनुरोध गर्दा राजकुमार सिद्धार्थद्वारा यस्तो आज्ञा भयो ।

**"सुख भोग भनेको अनित्य छ । सुख पनि दु:खमा परिवर्तन हुनेछ । सुख भनेको बिजुली जस्तै अस्थिर हुन्छ । त्यसकारण यो अस्थिर कामरागको सुखमा भुल्नु ठीक छैन ।"**

यसरी घोडाबाहक छन्दलाई मनाई बोधिज्ञान प्राप्त नभएसम्म कपिलवस्तु नफर्किने अधिस्थान गरी सम्पूर्ण देवमनुष्यको हित सुखको लागि राजदरवारलाई त्याग (महाभिनिष्क्रमण) गर्नुभयो । विहानको मिर्मिरे घामसंगै उहाँ अनोमा नदीको किनारमा सम्पूर्ण राजवस्त्रलाई त्यागी प्रव्रजित हुनु भयो । प्रव्रजित पश्चात बोधिज्ञानको खोजीका लागी घोर तपस्या गर्न लाग्नुभयो । छ बर्षसम्म विभिन्न रुपले धेरै गुरुहरुको स्थानमा गएर ध्यान साधना तथा तपश्याहरु सिक्नु भयो । यसरी छ बर्षसम्म अटुट तपस्याहरु गर्दा पनि उहाँले दु:ख मुक्ति मार्गलाई प्राप्त



Downloaded from http://www.dhamma.digital

गर्न सक्नु भएको थिएन । अन्तमा यसरी आफुलाई दुःख दिएर ज्ञान नपाउने रहेछ भनि बुझेपछि शरीरलाई उचितरुपमा स्वस्थ बनाएर ज्ञानको खोजी गर्नु नै असल हो, अथवा दुश्कर चर्या गरेर ज्ञान हासिल गर्न सक्दैन भनेर मध्यम मार्गलाई अपनाउनु भयो । शरीरलाई हृष्ट पुष्ट बनाएर मात्र ज्ञान लाभ हुन्छ दुःख कष्ट दिएर होइन भनी दुश्कर चर्या (चक्रिय) लाई छोडी आहार परिभोग (भिक्षाटन) गर्नु भयो ।

यो मार्ग वा मज्झिमा पतिपदाको वर्णन उहाँ बुद्ध भईसक्नु भएपछि सारनाथको ऋषिपटन मृगदायवनमा पञ्चवर्गीय भिक्षुलाई उपदेश दिनुभएको प्रथम उपदेश धर्मचक्रप्रवर्तन सुत्रमा प्रष्टरुपले भन्नु भएको छ ।

**"द्वे मे भिक्खवे ! अन्ता पब्बजिटेन न सेवितब्बा यो चायं कामेसु**
**कामसुखल्लिकानुयोगो हीनो गम्मो पोथुज्जनिको...,**
**अनत्तकिलमथानुयोगो दुक्खो अनरियो अनत्थ संहितो ।"**

अर्थात्, भिक्षुहरु ! यो दुई वटा अन्तलाई (बाटो) प्रव्रजितहरुले सेवन (अनुलम्बन) गर्नु उचित हुँदैन ।

१. कामेसुकामसुखल्लिकानु योग वा कामभोग सेवन गरी सुख भोग्नु भिक्षु (प्रवजित) हरुको लागि हीन (नराम्रो) ग्राम्य प्रथकजनहरुको धर्म अनार्य अनर्थको छ । यो वीणाको खुकुलो तार झैं हो जसको स्वर नै छैन त्यस्तै प्रव्रजितहरुले ज्ञान हासिल गर्न सक्दैन ।

२. अत्तकिलमथानुयोग वा दुश्कर चर्या गर्नु वा अनर्थको आत्मपीडा दिएर शरीरलाई दुःख कष्ट दिई अनर्थको दुःख भोग्नु ज्ञान हासिलको बाटो होइन । यो वीणाको तन्केको तार झै हो कुनै चिजको छुवाईबाट नै तुतिन्छ ।

साथै, त्यसैगरी ज्ञान हाशिल गर्नको लागी अपनाउनु पर्ने मार्गको विषयमा उहाँले अपनाउनु भएको मध्यममार्गलाई पनि यसरी प्रस्तुत भएको पाउँछौं ।

**"एते ते भिक्खवे ! उभो अन्ते अनुपगम्म मज्झिमा पतिपदा तथागतेन अभिसम्बुद्धा चक्खु करणी ञाण करणी... संवत्तति ।"**

अर्थात्, "हे भिक्षुहरु ! यी दुई बाटोलाई अन्तसम्म अनुगमन नगरी तथागतले मध्यम प्रतिपदा मार्गलाई बुझिलिनुभयो । धर्मको आँखा खोल्यो, प्रज्ञा उत्पन्न भयो,



Downloaded from http://www.dhamma.digital

यो नै ज्ञान प्राप्तिको बाटो र निर्वाण पदको लागि उच्चतम मार्ग नै मज्झिम मार्ग हो ।

यसरी पाँच वर्गीय भिक्षुहरुलाई दुई अति मार्गहरुलाई छोडीसके पछि उहाँले ज्ञान प्राप्त गर्नुभएको कुरालाई सुनाउनु भएको थियो । तथागत यही धर्म (मज्झिमापतिपदा) मा पूर्ण भई अनुत्तरसम्मासम्बोधी ज्ञान प्राप्त गरी निर्वाण लाभ गर्नु भएको हो ।

यो मज्झिमापतिपदा भनेको के हो ? यो आर्य अष्टाङ्गिक मार्ग हो । यसरी मध्यममार्गलाई धर्मचक्रप्रवर्तन सुत्रमा प्रस्त्याएको हामी पाउन सक्छौ । पाँच वर्गीय भिक्षुहरुलाई सम्बोधन गर्दै उहां भन्नुहुन्छ :

***कतमा च सा भिक्खवे मज्झिमा पटिपदा तथागतेन अभिसम्बुद्धा चक्खुकरणी ञाणकरणी उपसमाय ... निब्बानाय संवत्तति ? अयमेव अरियो अट्ठङ्गिको मग्गो । सेय्यथीदं ? सम्मादिट्ठि सम्मासङ्कप्पो सम्मावाचा सम्माकम्मन्तो सम्माआजीवो सम्मावायामो सम्मासति सम्मासमाधि ।***

अर्थात भिक्षुहरु यो मज्झिमा प्रतिपदा भनेको के हो ? यो मज्झिमा प्रतिपदालाई आर्यअष्टांङ्गिक मार्ग भनिन्छ । यो आर्यअष्टांङ्गिक मार्ग भनेको सम्येक दृष्टि, सम्येक संकल्प, सम्येक वचन, सम्येक कर्म, सम्येक व्यवसाय, सम्येक व्यायाम, सम्येक स्मृति र सम्येक समाधि हो ।

बोधिसत्व राजकुमार सिद्धार्थले प्रव्रजित पश्चात विभिन्न रुपमा ६ वर्षसम्म दुश्करचर्या गर्नु भएको थियो । छैठौं वर्षको अन्त्यष्तिमा नैरञ्जना नदि नजिक बोधी वृक्ष मुनि बस्नुभई चित्त शुद्धि गर्दै हुनुहुन्थ्यो । एकदिन चन्द्रमास अनुसार बैशाख पूर्णिमाको विहान पख सिद्धार्थ गौतमलाई सुजाता नामकी एक गृहपतीक छोरीबाट सुनको थालमा (पात्र) खीर (मधु पायास) दान प्राप्त भयो । सुजाताले विवाह पश्चात रुक्ख देवता (रुपमा बस्नुहुने देव) संग "पहिलो गर्भमा नै पुत्र (छोरा) पाउँ " भनी



Downloaded from http://www.dhamma.digital

भाकल गरी राखेको इच्छा पूर्ण भएको सु-अवसरमा भाकलअनुसार खीर दानदिन आउँदा सिद्धार्थ राजकुमारको शरीरबाट निक्लेको ज्योतिले वृक्ष देवता थानेकी थिईन । त्यसैको खुसीमा उहाँलाई त्यो खीर दान दिईन र प्रार्थना गरीन : “जसरी मेरो इच्छा पूर्ण भयो त्यसरी नै हजुरको पनि इच्छा पूर्ण होस् ।” यति भनी उनी घर फर्किन ।

सुजाता उपासिकाबाट खीर प्राप्त गरिसके पश्चात् बोधिसत्व सिद्धार्थ आफ्नो आसनबाट उठी नैरञ्जना नदी किनारमा जानु भई खीरलाई एकातिर राखी नदीमा नुहाउनु भयो । नुहाई धुवाई सकेपछि पहिले कै आसनमा बसी त्यो पोषक खीरलाई भोजन गर्नु भयो । भोजन पश्चात पुनः नदि किनारमा जानु भयो र यसरी अधिस्थान गर्नुभयो ।

***“यदि मैले बोधिज्ञान लाभ गर्नेछु भने यो खीरको थाल नैरञ्जना नदीको उल्टो दिशा (माथि) जानेछ । यदि लाभ हुनेछैन भने बगाएर लगोस् ।”***

त्यसपछि त्यो थाललाई नदिमा तैराई दिनुभयो । त्यो थाल साँच्चै नदिको उल्टो बगेर गयो र डुब्यो । भनिन्छ, त्यो थाल डुबेर काल नामक नागराजाको दरवारमा भएको पहिलेका बुद्धहरुका पात्र (थाल) संगै रहन गयो । तर यो घटनालाई अझ लम्ब्याईएको छ । त्यो खीरको थाललाई सागर नामको नागराजाले लगी आफ्नो दरवारमा पूजा गरी राखेको थियो । यो कुरा इन्द्रले चाल पाई गरुडको रुप धारणा गरी सागर नागको दरबारमा त्यो थाल (पात्र) लुट्न गयो तर लुट्न असमर्थ भएपछि हात जोडी माग्दा नागराजाले त्यो पात्र इन्द्रलाई दिई पठाएको थियो । इन्द्र पनि पात्र प्राप्त पश्चात खुसी भई स्वर्गमा लगेर पात्र महोत्सव मनाएको थियो ।

उत्तम आहार भोजन पश्चात थाल (पात्र) लाई नैरञ्जना नदिमा बगाई बोधिवृक्ष मूनिको बोधिमण्डलतिर प्रस्थान गर्नुभयो । ललितविस्तरका अनुसार नैरञ्जना नदि किनारदेखि बोधिमण्डलसम्म प्रस्थान गर्नु हुँदा विभिन्न देवदेवीहरुले बाटो र प्रकृतिलाई अऋतुमा भएपनि परिवर्तन गरी हराभरा बनाई आकर्षित पारेका



Downloaded from http://www.dhamma.digital

थिए । वशवर्ति महाब्रम्हाले पनि सम्पूर्ण ब्रम्हाहरुलाई निमन्त्रणा गरी यस्तो आज्ञा भयो ।

"आज बोधिसत्व राजकुमार सिद्धार्थले बुद्धत्व लाभ गर्न बोधिमण्डलमा जाँदै हुनुहुन्छ । वहाँलाई सक्दो सहयोग गर्न हामी पछि पर्नु उचित हुनेछैन ।"

अनि सबै महाब्रम्हाहरुले पनि बोधिमण्डल वरिपरि कुनै विध्न वाधा नहोस, जमीनहरु सम्म होउन भनी दृढ अधिष्ठान गरेका थिए ।

बोधिसत्व सिद्धार्थ राजकुमार शालवनमा केहीवेर आराम गर्नु भयो । साँझपख सोत्थिय ब्राह्मणले दिएको आठमूठि घाँसलाई लिनुभई बोधिबृक्ष मुनि बोधिमण्डलमा विच्छाई अधिष्ठान गरी बस्नु भयो । ललितविस्तर ग्रन्थमा उहाँले यसरी अधिष्ठान गर्नुभएको भनी व्याक्ख्यान गरेको छ ।

**"इहासने शुष्यतु मे शरीरम्, त्वगस्थिमांसं प्रलयं चयातु ।**
**अप्राप्य बोधिं बहुकल्पदुर्लभा नैवासनात्काय मतश्चलिष्यते ॥"**

अर्थात्,

यो आसनमा बस्दा बस्दै मेरो शरीर सुकेर जावस छाला, हाड, मासु गलेर जावस् तर परम दुर्लभ सम्यक सम्बोधि ज्ञान लाभ नभएसम्म यो आसनबाट म उठ्ने छैन ।"

Dhamma.Digital

यसरी बोधिसत्व राजकुमार दृढ अधिस्थानका साथ बोधिंमण्डलमा बस्नुभई बोधिलाभको लागी तयार हुनु भयो । यो अवस्थालाई कामधातुका देवपुत्रमारले थाहा पाए । आफ्नो शक्ति बुद्धको अगाडि निष्कृय हुनेछ भनी सम्झी बोधिसत्वको ध्यान भंग गर्ने वा सम्बोधिज्ञान लाभबाट बन्चित पार्ने निश्चय गरे । आफ्ना छोराछोरी सहित विशाल सैन्यहरुको साथमा गिरीमेखल नामको हात्तीमा चढी हजार हातमा विभिन्न प्रकारका शस्त्र अस्त्र बोकी बोधिवृक्ष नजिक आए । त्यसबेला सिद्धार्थ गौतमले बोधिज्ञान प्राप्त गर्नेछ भनी हेर्न र अभिवादन गर्न आईरहनु भएका सम्पूर्ण देवदेवीहरु चारैदिशामा पलायन भएर गए । सिद्धार्थ गौतम एक्लै मात्र बाँकी थिए ।

देवपुत्र मारले आफूसंग भएको सम्पूर्ण बलले सिद्धार्थलाई डराई, भय देखाई बोधिमण्डलबाट उठाउन विभिन्न कोशीस गर्यो । जस्तै : बडो जोरले हुरीबतास चलायो, मनसुनी वर्षा गरे, ढुंगाको वर्षा गरे, अन्धकार पारे, हेर्दा नै डरलाग्दो रुपहरु



Downloaded from http://www.dhamma.digital

निकाले । अन्तमा उसंगका विशेष शस्त्रहरुको पनि प्रयोग गरेका थिए । ललितविस्तारमा मारको आक्रमणबारे धेरै नै अलंकार रुपमा व्याख्या गरेको पाइन्छ । भनिन्छ, देवपुत्र नमुचिमारको हजारवटा छोराहरु थिए । तीमध्येमा कोही सिद्धार्थको पक्षमा पनि थिए । सिद्धार्थको विपक्षी छोराहरु उत्तेजित भई तुरुन्तै सेना लिई युद्ध गर्न निस्के । तर बुद्धले हाई गरी मुख अलि बाँउदा पनि आफूलाई नै निल्न लागेको अनुभव गरी डराई ती सेनाहरु फर्के भने नडराउने सेनाहरुले हातहतियार सिद्धार्थ माथि प्रहार गरे तर आकाश मै फूलको रुपमा चंदुवा झै भएर रहे । अझ भनिन्छ कि सिद्धार्थले दाँया हातले शिरमा विस्तारै मुसार्नु हुँदा खड्ग लिन लागेको थानी सबै मार सेनाहरु भागेका थिए । साथमा मार सेनाहरुले अग्नि वर्षा गरे, धुलो वर्षा गरे, हुरीबतास चलाई अनेक दुःख कष्ट दिंदा पनि बोधिसत्व आसनबाट कतै विचलित हुनु भएन । अन्तमा मारले सिद्धार्थलाई निर्वाण प्राप्त गरेर केही छैन, चक्रवर्ती महाराजा भएर सुख भोग गर्नुहोस् भनी भन्दा बोधिसत्वले मारलाई निरलगल यज्ञ ( सुख सयलको महायज्ञ ?) को बारेमा बताउनु भएको थियो । तर मारले पत्याएन र त्यस यज्ञको साक्षी को छ भनी सोद्धा बोधिसत्वले मेरो यज्ञको साक्षी यही पृथ्वीमाता हो भनी पृथ्वीलाई छुनु भयो । उत्नी खेरै पृथ्वी देव पनि प्रकट भई बोधिसत्वको यज्ञको साक्षी भई अन्तरध्यान भईन । अनि लाजले नतमस्तक भई दुःखी भई मार घर फर्के । साथै तीन छोरी तण्हाअरती र रगा आएर मारलाई हामी गएर बोधिसत्वलाई तृष्णाको जालमा फसाएर भंग गर्नेछु भनी मारपुत्रीहरुले अनेकौ रती, राग मञ्चन गरेर बुद्धलाई भड्काउने कोशिस गरे । तर असफल भए । त्यसैबेला बुद्धले आँखा उघारी यस्तो भन्नु भयो ।

**"यस्स जितं ना वा जीयति जितमस्स नो यति कोचि लोके**
**तं बुद्धमनन्त गोचरं अपदं केन पदेन नेस्सथ ?"**

अर्थात्

जसको विजयलाई फेरि पराजय गर्न सकिन्न, जसको क्षय भईसकेको राग, व्देष, मोह फेरि उत्पन्न हुने छैन, त्यस्ता अनन्त गोचर भएका अर्थात् सबै जानिसक्नु भएकालाई कुन पथमा लान खोजिरहेको छौ ?



Downloaded from http://www.dhamma.digital

त्यसैगरी अर्को गाथामा,

**यस्स जालिनो विसत्तिका तण्हा नत्थि कुहिञ्चि नतवे**
**तं बुद्ध मनन्त गोचरं अपदं केन पदेन नेस्सथं ?**

अर्थात्

जसको फैलेर जाने जाल छैन, जसलाई विषरुपि तृष्णाले यो लोकमा कहिं लानै सकिंदैन, त्यस्ता अनन्त गोचर भएका पथविहिन भएकालाई कुन पथबाट लिएर जान खोज्दैछौ ? भनी मारपुत्रीहरुलाई के को आशामा आएको, सम्पूर्ण राग द्वेष मोह भंग भइसकेका तथागतलाई बसमा लिन तिमीहरु सक्दैनै, तिमीहरु फर्केर जाउँ भनी हप्काएर पठाए । (धर्मकीर्ति पत्रिका १९/१२)

यसरी बोधिसत्व अनासक्त भएको सुनेर उनीहरु आफ्नो बाबुकहाँ फर्केर यस्तो विन्ति गरे - हामीले बोधिसत्वसंग मधुर वचनले बोलेको भएतापनि हामीप्रति आसक्त हुनुभएन त्यसकारण अवश्य पनि वहाले सर्वज्ञ बोधिज्ञान लाभ गर्नु हुन्छ भनेको कुरा ललितविस्तरमा वर्णन भएको छ ।

देवपुत्रमार विभिन्न रुपमा बोधिसत्वलाई तर्साउन खोजिरहेको बेला एकतर्फ देवताहरु बोधिसत्वको रक्षार्थ पनि प्रकट भएका थिए । कुनै देवताहरुले मार सेनाको शक्तिलाई निर्मूल पार्ने कोशिस गरिरहेका थिए भने मार राजा आफ्ना सेनालाई उत्तेजित गरिरहेका थिए । तर बोधिसत्व धैर्यपूर्वक बोधिमण्डलमा एकाग्र भई बसिरहनु भयो । साथै हरेक पूर्वजन्ममा गरिआएको दश पारमी, दश उपपारमी र दश परमत्थपारमीको पुण्यकार्यलाई मनन गर्दै मार सैन्यको बललाई विजय प्राप्त गर्नु भयो । **दानं सीलं च नेक्खम्मं, पञ्ञावीरयेन पञ्चमं खन्ति सच्चमधिट्ठानं, मेतुपेक्खन्तिमा दसांति आदि** जस्तै : दान, शील नैश्क्रमणको पारमिताले कामरागलाई जित्नु भयो प्रज्ञा वीर्य, खन्ति (क्षान्ति) सत्य अधिष्ठानको पारमिताले मनलाई कत्ति पनि विचलित नपारी बस्नुभयो । मेत्ता, करुणा, उपेक्खाले परिपूर्ण भई सहेर एकाग्र शान्त रुपमा बस्नुभयो ॥

अन्तमा देवताहरुले मारलाई यसरी गाथाद्वारा भन्यो भनी ललितविस्तर बताउछ :



Downloaded from http://www.dhamma.digital

**"भयं च दुखं व्यसनं च दैन्यं धिक्कार शब्दं वधबन्धनं च**
**दोषाननेकान् लभते ह्यविद्वान् विरापराधेष्वपि राध्यते यः ॥"**

अर्थात्,

"निरपराध व्यक्तिलाई भय उत्पन्न गरिदिनु, कष्टमा पारिदिनु, धिक्कार भनेर निन्दा गर्नु, मार्नु, कुट्नु, बाँध्नु आदि गर्ने पुदगललाई (व्यक्ति) आफैलाई उक्त दुःख कष्ट आईलाग्नेछ ।" यसरी मारलाई हप्काई बोधिसत्वलाई प्रशंसा गरे । त्यसपछि त्यहाँ उपस्थित छत्तीसकोटी वा अनन्त देवताहरुले जगत हितका लागि सिद्धार्थ बोधिराजकुमार बुद्ध बन्न सकुन भनी अधिष्ठान गरे । मार पनि हारमानी फर्के ।

यसरी बोधिसत्वले मारलाई विजय गरेपछि दृढतापूर्वक मनलाई एकचित पारी ध्यान साधना गर्नु भयो । साथै क्रमशः रागले रहित प्रथम ध्यान, वितर्क विचारले रहित द्वितीय ध्यान, उपेक्षाले युक्त तृतीय ध्यान, उपेक्षा स्मृतिले परिशुद्ध चर्तुथ ध्यान लाभ गर्नु भई शान्त र निर्मल हुनु भयो रातको प्रथम प्रहरमा पुब्बेनिवासानुसतिञाण वा पुर्बजन्मको ज्ञान, चुतूप्पातञाण - पछिको जन्मको ज्ञान र आसवक्खय ञाण वा आश्रय क्लेश मुक्त भई बैशाख पूर्णिमाको दिन सूर्योदय हुनु अगाडि सम्येकसम्बुद्ध हुनु भयो वा यस लोकमा प्राणीहरुमा हुने जन्म, दुःख र दुःख निर्मूल पार्ने आर्यसत्यलाई बुझ्नुभयो । उहाँले प्राप्त गर्नु भएको ज्ञानलाई न कसैले सुनेको थियो न त कसैलाई थाहा थियो । तर यो संसारमा आर्यसत्य (सनातन) अटल भएर रहेको थियो र रहिरहने छ । बोधिज्ञान लाभ पश्चात उहाँलाई सम्येक सम्बुद्ध कहलियो । सम्येकसम्बुद्ध भईसक्नु भएपछि पञ्चवर्गीयहरुलाई ऋषिपटनमा गर्नुभएको प्रथम धर्मचक्र प्रवर्तन सुत्रमा उहाँले यस्तो भन्नुभएको छ ।

**"इदं दुक्खं... दुक्ख समुदयं... दुक्ख निरोधं... दुक्खनिरोधगामिनी**
**पटिपदा अरियसच्चन्ति मे भिक्खवे पुब्बे अनानुस्सुतेसु धम्मेसु चक्खुं**
**उदपादि... आलोको उदपादी' ति ।**



Downloaded from http://www.dhamma.digital

अर्थात्,

हे पञ्चवर्गीयहरु (प्रव्रजितहरु) यो दुःख, दुःख समुदय, दुःख निरोध र दुःख निरोधगामीनि प्रतिपदा (मज्झिमाप्रतिपदा) यी चार आर्यसत्यलाई पहिले कहिल्यै सुनेको थिएन । तथागतलाई ती चार आर्यसत्यमा धर्मचक्खु उत्पन्न भयो । ज्ञान, प्रज्ञा, विद्या र आलोक पनि उत्पन्न भयो ।

भिक्षु संघ (स्थान राजग्रह)

भिक्षुहरु, तथागत अरहं सम्येक सम्बुद्ध विद्या र चरणले सम्पन्न सुगतो, यो लोकलाई पूर्ण रुपमा बुझिसकेका देव मनुष्यका अग्रगुरुको उत्पति भयो ।

तथागतद्वारा देशित धर्मदेशनाहरु क्लेश मुक्त हुनका लागि, शान्त र शीतलका लागि पूर्ण रुपमा बुझ्नका लागि हुन्छ ।

- अङ्गक. अं २३/२२९/११९



Downloaded from http://www.dhamma.digital





Downloaded from http://www.dhamma.digital

# बुद्धको बचनबाट बुद्ध धर्म

बुद्धको अन्तिम वचनानुसार अप्रमादी हुनु नै सबभन्दा ठूलो धर्म भनिएको छ भने स्मृतिप्रस्थान सुत्रानुसार सतिलाई महत्व दिइएको छ । त्यसैगरी ओवाद प्रातिमोक्खमा पापकर्महरु नगर, कुशलकार्यको संचय गर र मनशुद्धि गर्नु नै ठूलो धर्मको रुपमा भन्नुभएको छ । साथै धम्मपदमा हेर्ने हो भने पहिलो गाथामा मनलाई बढी महत्वपूर्ण दिइएको देखिन्छ । विभिन्न समयमा विभिन्न धर्मलाई महत्वपूर्ण दिइएको हुँदा तपाई हामीमा बुद्धको साच्चैको धर्म के हो भन्ने शंका उठ्न सक्दछ । भगवान बुद्धले सिकाउनु भएको धर्म के हो ? बुद्ध धर्म भनेको कस्तो धर्म हो ? यो धर्मलाई आफ्नो दैनिक जीवनमा आचरणमा किन ल्याउनु पर्ने ? आदि प्रश्नहरुको उत्तरमा सबैको आआफ्नै विचारधाराहरु भएको देखिन्छ । यसरी विभिन्न रुपमा उत्तर भएको हुँदा साच्चै भगवान बुद्धले कस्तो भन्नुभएको छ त भन्ने विषयमा विचार गर्नु आवश्यक देखिन्छ । त्यसैले उहाँ कै वचनानुसार उहाँको धर्मलाई चिनौं ।

त्रिपिटकको मज्झिमनिकायको अलगद्दुपम सुत्रमा भगवान बुद्धले भन्नु भएको छ :-

"मैले अघि (पहिले) जे बोलेको (उपदेश देशना गरे) थिएँ, आज पनि त्यही उपदेश दिदैछु । त्यो दुःख र दुःख निरोध ... हो ।" म.म. १३८ (नेपाली) १२/२८६ (थाई)

त्यसैले हामी के भन्न सक्दछौ भने उहाँले अरु ठाउँमा अरु धर्महरुलाई बढी महत्व दिएता पनि तिनीहरुको मूल अर्थ नै दुःख मुक्तको लागि अपनाएको मार्गसम्म मात्र भएको देखिन्छ । जस्तै : अप्रमादी नै सतिको कारण र सति कै कारण अकुशल काम गर्ने छैन । कुशल कार्यको संचय हुनेछ । मन प्रफुल्लित हुनेछ र एकाग्र भई दुःख मुक्त हुनेछ ।

त्यसैगरी मज्झिमनिकायको चूलमालुंक्य सुत्रमा भन्नु भएको छ ।

"अव्याकृत विषयलाई सधै अव्याकृत नै ...फेरि व्याकृत गरिराखेको विषयलाई व्याकृत भनेर नै धारण गर, मैले (भगवान) अव्याकृत नगरेको विषयमा लोक शाश्वत छ, लोक अशाश्वत छ ...आदि किनकी यो विषयको खुलस्त व्याक्ख्यान न त उपयोगी छ ...न त दुःख मुक्तिको बाटो हो ...मैले व्याकृत भनेर दुःख ...दुःख समुदय ...दुःख निरोध ...दुःख



Downloaded from http://www.dhamma.digital

निरोध मार्ग भने किनकी यो धर्महरु आदि ब्रम्हचर्यको निमित्त उपयोगी वा सम्बोधी र निर्वाणको निमित्त अत्यन्त सहायक हुन्छन् ।" (म.म. १२/१५२ थाई, म. ३९१-३९२ नेपाली)

यो बुद्धवचनबाट प्रस्त्याउँछ की बुद्ध धर्ममा रहेको सम्पूर्ण धर्महरु काम नलाग्ने छैन । जुन विषयमा अध्ययन गरेर आफ्नो दैनिक जीवनमा आचरणमा प्रयोग गर्दा हुने फाइदा ती विषयहरुको मात्र यहाँ उल्लेखित भएका छन् । भगवान बुद्धले जुन विषयको कुरा गर्दा सम्पूर्ण प्राणीहरुको हित, सुख हुन्छ त्यस कुशल धर्महरुलाई देशना गर्नुभयो । यो माथीको वाक्यहरुबाट नै प्रस्त्याउछ की बुद्धधर्म कतिसम्म सत्य र असत्य वा मानिसहरुका लागि कतिको फाइदाजनक वा बेफाइदाजनक छ भनेर प्रष्टरुपमा देखाएको छ । जुन विषयमा छलफल गरेर पाउने फल हो त्यो कस्तो विषय हुनु पर्ने भन्ने विषयलाई पनि यहाँ प्रस्त्याएको छ । तर आजभोलीको यो हाम्रो संसारमा धेरै जसो लोकको उत्पति वा विनास, विनासवान छ की छैन भन्ने विषयमा बार्तालाव गर्ने बैठकहरुमा नै समय बिताएको देखिन्छ । तर जुन विषयको छलफलबाट बर्तमान र भविष्यकालको लागी फाइदाजनक हुने हो त्यो विषयलाई त्यतिको छलफलमा भेट्न त्यति सजिलो छैन । यसरी बुद्धधर्मको सत्यता वा प्रयोगजनक भएको पुष्टि गरेको छ ।

त्यति मात्र नभई त्रिपिटकको संयुक्त निकायको सीसपावन सुत्रमा भगवान बुद्धले जंगलबाट आफ्नो हातमा केही पाटहरु राख्दै भन्नुभएको छ :

"...जंगल भरी भएका पाटहरु भै जानेर पनि नभनेका धर्महरु धेरै छन् ... किनकी ती कुराहरु (धर्महरु) न त उपयोगी छन्, न त आदि ब्रम्हचर्यको लागि नै उपयोगी छ ।

मैले (तथागतले) बताएका धर्महरु यो हातमा रहेको अलिकति पाटहरु भै छ ...किनकी ...यी धर्महरु उपयोगी छन् ...आदि ब्रम्हचर्यको लागि उपयोगी छन् ...मैले देशना गरेका धर्महरु दुःख, दुःख समुदय, दुःख निरोध र दुःख निरोध गर्ने मार्ग हो ।"

(स.महा. १९/१७/२ (थाई), सं. ११२५-११२६ (नेवारी)

त्यसकारण बुद्धधर्ममा रहेका सम्पूर्ण धर्महरु राम्ररी छानविन र अभ्यास पश्चातको शुद्ध र उपयोगी धर्मको संग्रह हो । उहाँ सत्यवादी तथा यथावादी तथाकारी मनुष्य हुनुहुन्छ साथै संख्यात्मक भन्दा पनि गुणलाई नै बढि प्राथमिकता



Downloaded from http://www.dhamma.digital

बुद्धले दिनुभएको छ । बुद्ध धर्ममा सम्पूर्ण ज्ञान धर्महरु हामी सबैको लागि अति उपयोगी र दुःख मुक्तिको बाटो हो । बौद्ध धर्मानुसार जीवन व्यहोर्नेलाई अवश्यमेव उनीहरुको फाइदा हुनेछ । त्यसैको हेतु पछि निर्वाण दुःख मुक्ति क्षेत्र प्राप्त हुनेछ । किनभने भगवान बुद्धले नुनिलो पानीबाट छानेर शुद्ध र निर्मल पानी जसको सेवनबाट हामीमा रहेको तृष्णा मेट्दछ त्यसलाई मात्र देशना गर्नु भएको छ ।

उहाँको सम्पूर्ण धर्महरु सत्य भएतापनि त्यस धर्मलाई समयानुसार बोल्नु पर्दछ । यसको उदाहरण अभयराजकुमारलाई दिनुभएको छ :

१. असत्य उपयोगी छैन अर्काको अप्रिय भन्नुहुन्न
२. सत्य उपयोगी छैन अर्काको अप्रिय भन्नुहुन्न
३. सत्य उपयोगी छैन अर्काको अप्रिय उचीत समयानुसार भन्नुपर्छ
४. असत्य उपयोगी छैन अर्काको प्रिय भन्नु हुन्न
५. असत्य उपयोगी छैन अर्काको प्रिय भन्नु हुन्न
६. सत्य उपयोगी छैन अर्काको प्रिय समयानुसार भन्नुपर्छ ।

- अभयराजकुमार सुत्र

त्यसकारण बुद्ध धर्मलाई ४ प्रकारमा विभाजन गर्न सकिन्छ । ती हुन्, सत्य, उपयोगी, ब्रम्हचर्य र सांसारिक दुःखबाट मुक्ति (निर्वाण) लाभ हो । शुद्ध र निर्मल पानीले जसरी जीवन अनुकूल भैकन हामीहरुको तिर्खा मेट्छ, यस्तै नै जुन वस्तु सत्य छ कुनै प्रकारको नक्कलीबाट बञ्चित छ अवश्य त्यो उपयोगी हुनेछ । बुद्ध धर्मानुसार उपयोगी भन्नाले ब्रम्हचर्य जीवन र दुःख मुक्ति निर्वाण प्राप्त गर्नु हो ।

## उहाँ (-बुद्ध) को धर्म

भगवान बुद्धले प्राकृतिक स्वभावले युक्त र सबैले बोध गर्न सक्ने ज्ञानलाई सरल र बुझ्ने रुपले राम्ररी व्याक्ख्या गर्नुभयो । यसरी उहाँले दिनुभएको उपदेशहरुलाई नै धर्म भनिन्छ जुन धर्ममा कसैलाई करकाप छैन् । उहाँको यो धर्म आएर हेरेर परिक्षा गरेरमात्र विश्वास गर्न वा आफ्नो दैनिक जीवनमा उतार्नको लागी देखाइएका बाटोहरु मात्र हुन । जसले राम्ररी अध्ययन गरेर आफ्नो दैनिक जीवनमा उतार्छ त्यो प्रयोगबाट यहीँ नै फल मिल्ने छ । यो लोकबाट अर्को लोकमा



Downloaded from http://www.dhamma.digital

फल मिल्नेछ भनेर भनेको छैन । त्यसैले समय नबित्दै नै प्रत्यक्ष फल प्राप्त हुने उहाँका उपदेशहरु हुन् । उहाँले दिनुभएका उपदेशहरुलाई सच्चा धर्म र सैद्धान्तिक रुपमा तथा व्यावहारीक रुपका साथै वैज्ञानिकताको बोध बुद्धधर्मले दिएको छ । उहाँको उपदेशानुसार दैनिक जीवनमा उतारेर पाउने जुन आध्यात्मिक ज्ञान हो त्यो अत्यन्त अमुल्यको हो । यी अनन्त गुणहरुले भरीपुर्ण भएको अमुल्य रत्नभएको कारण धर्मलाई बुद्धधर्मानुसार अमुल्य दोश्रो रत्नको रुपमा लिईन्छ ।

बुद्धधर्ममा धर्म भन्नाले भगवान बुद्धले प्राप्त गर्नुभएको बोधिज्ञानलाई लिने गरीन्छ । उहाँले प्राप्त गर्नुभएको ज्ञान सत्य वा संसारको नियम हो अथवा संसारको नियमलाई नै बुद्धधर्ममा धर्मको रुपमा लिएको छ । जुन संसारको उत्पति संगै आएको छ । भगवान बुद्धले धम्मनियाम सुत्रमा भन्नुभएको छ

**उप्पादा वा भिक्खवे तथागतानं अनुप्पादा वा तथागतानं थिता व सा धातु धम्मत्थितता धम्मनियमता सब्बे संखारा अनिच्चाति... सब्बे संखारा दुक्खाति.... सब्बे धम्मा अनत्ताति**

अर्थात, भिक्षु हो चाहे तथागतको उत्पति होस् वा नहोस् यो संसारको नियम हो सबै संखारहरु अनित्य छन् र ती अनित्य संखारहरु दुःखको कारण हो । यो निरन्तर परिवर्तन भईरहने धर्म भएकोले स्थिर छैन् । त्यसैले यो गाथाबाट के प्रष्ट गर्दछ भने उहाँ भगवान बुद्धले देशना गर्नुभएका धर्महरु हराईराखेको वा खोज्न नसकेको मार्गलाई उहाँले खोजेर हाम्रो अगाडी राखीमात्र दिनुभयो । त्यसैले यो धर्ममा विश्वास गरेर आफ्नो दैनिक जीवनमा आचरणमा उतार्छ भने अवश्य नै सुखको लाभी हुनेछ । तर धर्मको महिमालाई नबुझि वा बुझपचाएर बस्नेको लागी हुने बेफाइदा पनि उनिहरुलाई नै हुनेछ ।

भगवान बुद्धको धर्मलाई हामी दुई स्तरमा विभाजन गर्न सक्दछौं

**१. लोकिय स्तर** यो स्तरमा दैनिक जीवनको लागी आवश्यक नैतिक शिक्षा तथा सामाजिक व्यवहारहरुको विषयमा देशना गर्नुभएका धर्महरुलाई लिइन्छ ।

**२. लोकुत्तर स्तर** यो स्तरको धर्म भन्नाले क्लेशबाट मुक्त भएर चित्त शुद्धि भईसकेकोलाई लिइन्छ । यो स्तरको धर्महरु ९ प्रकारका छन् । ती हुन् : चार मार्ग, चार फल र एक निर्वाण हो ।



Downloaded from http://www.dhamma.digital

यसरी दुई प्रकारले विभाजन गरेतापनि धर्मगुणलाई प्रष्टरुपमा लिने हो भने ६ प्रकारका छन् जसलाई दैनिक बुद्धपूजामा स्मरण गर्ने गर्दछौं । ती हुन् :

१. स्वाक्खातो अर्थात राम्ररी देशना गरीएको धर्म वा आदि, मध्ये अन्तसम्म कल्याण हुने धर्म अथवा भगवान बुद्धव्दारा देशना गर्नुभएका धर्महरु सत्य छन् त्यसमा केहि फरक छैन् । अर्को शब्दमा, लोकुत्तर धर्म भनेको नै स्वाक्खात धर्म हो किनकी यो धर्म निर्वाणको लागी मार्ग हो र निर्वाण जानको लागी यही मार्गलाई नै प्रयोग गर्नु पर्दछ ।

२. सन्दिट्ठिको अर्थात यहाँको यहीँ नै फल दिने धर्म हो । यसलाई चार प्रकारले लिन सकिन्छ ।

२.१) आर्यपुद्गल जस्ले क्लेशलाई अन्त गरेको हुन्छ उहाँलाई मात्र थाहाहुन्छ कि कतिको क्लेश नष्ट भइसक्यो र कतिको बाकि छ ।

२.२) लोकुत्तर धर्म लाभी आर्य पुद्गलले अरुको विश्वास गर्ने छैन किनकी सत्यता उहाँलाई बोध भईसकेको हुन्छ ।

२.३) आर्यजनहरुले क्लेशलाई जित्न सम्मादृष्टि उत्पन्न हुनु जरुरी छ ।

२.४) लोकुत्तर भनेको विचारणीय स्वाभाविक धर्म हो ।

३. अकालिको अर्थात भगवान बुद्धव्दारा देशना गर्नुभएको धर्मको कुनै काल वा समय छैन वा समय नबित्दैमा नै प्रत्यक्ष फल प्राप्त हुने अथवा चार मार्ग र चार फल प्रत्यक्षरुपमा नै फल दिने गर्दछ । यसको लागी कुनै काल समयको आवश्यकता हुँदैन । यति दिन पछि यो प्राप्त हुनेछ त्यति दिनपछि यति प्राप्तहुनेछ भन्ने बुद्ध धर्ममा छैन । जब सहनशीलता पूर्वक जसले प्रयत्न गर्दै जान्छ उसलाई अवश्यपनि मार्ग र फलको लाभ हुनेछ । यहाँ मार्ग र फल भनेर लोकुत्तर ज्ञानलाई दर्साएको छ ।

४. एहिपस्सिको अर्थात, आएर परीक्षण गरेर हेर्न योग्य वा परीक्षण गरेर प्रमाणित गर्न सक्ने धर्म हो । यो दुई प्रकारले अर्थ लगाउन सकिन्छ ।

क) किनकी यो धुर्व सत्य हो जहिले पनि त्यही नै भईराखेको अनित्य, दुःख र अनात्म धर्म हो त्यसैले सबैलाई परिक्षण गराएर देखाउन हुने धर्म हो ।



Downloaded from http://www.dhamma.digital

ख) किनकी यो शुद्ध र निर्मल प्राकृतिक स्वभाव हो। यसमा केहि मिसावत छैन त्यसैले सबैलाई बोलाएर देखाउन मिल्ने धर्म हो।

५. ओपनयिको अर्थात अनुसरणिय धर्म जसलाई आफ्नो दैनिक जीवनमा उतार्नु पर्दछ किनकी यो धर्मको प्रमुख उदेश्य नै दैनिक जीवनलाई सुखमय बनाउनु हो । सबै मानिसहरु सुख र शान्तिको पछि दौडिरहेका हुन्छन् । त्यसैले यी धर्महरुलाई दैनिक जीवनमा उतारेर लोकुत्तर सुखलाभको लागी पालन गर्नु अति नै जरुरी देखिन्छ।

६. पच्चतं वेदितब्बो विञ्ञूति अर्थात, विद्धान वर्गहरुव्दारा छुट्याई आफैले नै अनुभव गरीसकेको, हेरी, बुझिसकेको धर्म जसलाई दैनिक जीवनमा जसले उतार्छ उसलाई अवश्य नै मार्ग फल प्राप्ति हुने नै छ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# चार आर्यसत्यको छोटो परिचय

**१. दुक्ख सच्च (दु:ख सत्य)**

दु:ख भन्नाले आफुमाथि पर्ने कुनै पनि असहय घटना हो । बुद्धधर्म अनुसार जन्म लिनु, बुढा हुनु, रोगी हुनु, मर्नु, मन नपर्ने व्यक्तिसंग (बस्नु) संगत गर्नुपर्ने, बस्नु पर्ने, मन पर्नेसंग अलग भएर बस्नु दु:ख, मनले चिताएको पूर्ण नहुनु आदि वा संक्षेपमा भन्ने हो भने यो पञ्चस्कन्धलाई नै दु:ख भनी भनिन्छ यो संसारीक धर्म हो ।

**२. दुक्ख समुदय (दु:खको कारण)**

दु:ख समुदय सत्य भन्नाले दु:ख उत्पति हुने श्रोत वा कारण भनि बुझिन्छ । तृष्णा नै दु:खको मूल कारण हो भनी प्रतीत्यसमुत्पाद धर्मको अध्ययनबाट थाहा पाउन सकिन्छ । तृष्णालाई ३ भागमा विभाजन गर्न सकिन्छ ।

क) काम तृष्णा - सांसारिक वस्तु वा पञ्चकाममा रमाउने इच्छा

ख) भव तृष्णा - फेरी फेरी जन्म लिने इच्छा

ग) विभव तृष्णा - तृष्णालाई नै निर्मूल नपारी मुक्ति पाउने इच्छा ।

बुद्धधर्मानुसार यी तीन तृष्णा नै दु:खको श्रोत वा कारण हो ।

**३. दु:ख निरोध सत्य (दु:खको अन्त)**

निरोध सत्य भनी दु:खको अन्तलाई भनिन्छ । दु:खलाई निभाउन सकिन्छ वा अन्त गर्नु हुन्छ भनी थाहा पाउनु नै दु:ख निरोध सत्य भनी बुझिन्छ । ती तीन तृष्णालाई निस्क्रिय वा निर्मूल पार्नु नै सम्पूर्ण सांसारिक दु:खबाट मुक्ति पाउनु हो । दु:खबाट बञ्चित हुनु नै निर्वाण पद लाभ हो । मिलिन्द प्रश्न निर्वाण वर्गमा मिलिन्दको प्रश्नको जवाफमा भिक्षु नागसेन भन्नु हुन्छ ।

"इन्द्रीय र विषयमा उपभोग वा आध्यात्मिक र वाहिरिक आयतनमा हर्ष नमानी आर्य पुदगलहरुले यो तृष्णालाई निर्मूल पार्नु नै निरोध हो । निरोध नै निर्वाण हो ।"



Downloaded from http://www.dhamma.digital

निर्वाण भनेको कुनै विशेष ठाउँ छैन । बयान गर्न पनि गाऱ्हो छ । तर जो तृष्णाबाट निर्मूल छ त्यो नै निर्वाण क्षेत्र हो । निर्वाणलाई दुई प्रकारमा विभाजन गरिन्छ ।

१. सउपादिशेष निर्वाण - जिउँदो अवस्थामा नै अरहन्तफल (बुद्ध) हुनु वा क्लेशबाट मुक्त हुनु ।

२. अनुपादिशेष निर्वाण - क्लेश मुक्त भई देह संस्कारलाई त्याग गर्नु (परिनिर्वाण हुनु)

## ४. दुःख निरोध गामीनी प्रतिपदा मार्ग सत्य

यसलाई छोटकरीमा मार्ग सत्य वा मध्यम मार्ग अथवा मज्भिmमा प्रतिपदा भनिन्छ । मार्ग सत्य भन्नाले तृष्णालाई निर्मूल पार्न आवश्यक बाटो हो । धर्मचक्रप्रवर्तन सुत्रअनुसार ८ मार्ग छन् भनी जनाएको कारण आर्यअष्टागिंक मार्ग पनि भन्ने गरिन्छ । ती मार्गहरु हुन् । सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाचा, सम्यक कर्मान्त, सम्यक आजिविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि हुनु । यी ८ मार्गहरुमा सम्मिलित भएर नै निर्वाण प्राप्त गर्न सकिन्छ ।

यसरी बोधिमण्डलमा विराजमान हुनुभई सम्पूर्ण प्राणिको र यो सांसारिक सत्यलाई सर्वज्ञ ज्ञानद्वारा सम्भि बुभिलिनुभयो र सर्वज्ञ ज्ञाता सम्यक सम्बुद्ध हुनु भयो । यही सर्वज्ञ ज्ञानको मनशिकार गर्दै उहाँले गाथाद्वारा यस्तो उदान गर्नुभयो ।

**"अनेक जाति संसारं सन्धाविस्सं अनिब्बिसं**
**गहकारकं गवेसन्तो - दुक्खा जाति पुनप्पुनं**
**गहकारक दिट्ठोसि पुनगेहं न काहसि**
**सब्बा ते फासुका - भग्गा गहकूतं विसंखितं**
**विसंखारगतं चित्तं - तण्हानं खयमज्भग ॥"**

(धम्मपद, १५४)



Downloaded from http://www.dhamma.digital

अर्थात्,

फेरि फेरि यो संसारमा जन्म लिनु दुःख भएको हुँदा मैले त्यो शरीर रुपी घर बनाउने (गृहकारक) लाई खोज्दै यो संसारमा बारम्बार जन्म लिई सकें । हे गृहकारक अब मैले तिमीलाई देखि सकें तिमी फेरि यो घर बनाउन सक्ने छैनौ । उक्त घर बनाउने सम्पूर्ण ज्यावलहरुलाई (राग, व्देष मोह) र बनाउने तरीकाहरुलाई (मार्ग) पूर्ण रुपले भाँचिसकें । घर (पञ्चस्कन्ध) को शिखरलाई विनाश गरीसकें । चित्त संस्कार रहित भईसक्यो । दुःखको मूल श्रोत तृष्णालाई क्षय (निर्मूल) पारीसकें ।

यसरी सर्वज्ञ ज्ञात भई सम्पूर्ण ज्ञानले पारंगत हुनुभई सम्पूर्ण धर्ममा प्रज्ञा चक्षु समन्तचक्षु, उत्पन्न गराई, सम्पूर्ण कर्मलाई क्षय (विनास) गर्नुभयो । साथै स्वयंले यी धर्मलाई जान्नु भई सम्यक सम्बुद्ध हुनुभयो । सम्यक सम्बोधि ज्ञान लाभ पश्चात मनसिकार गर्दै बोधिमण्डलमा ७ हप्तासम्म विमुक्ति सुखमा बसिरहनु भयो ।

ललितविस्तरका अनुसार पहिले बुद्ध भएको देखि सक्नु भएका देवताहरुले सिद्धार्थ गौतम सम्बोधि ज्ञान प्राप्त गर्नु भई बुद्ध हुनु भएको खुशिमा दिब्य पुष्पवृष्टि गरें । ती देवतामध्येमा कुनैले पहिलेका बुद्धहरुले बुद्ध भएपछि आफ्नो बुद्धत्वको लक्षण देखाउनु हुन्थ्यो तर सिद्धार्थ गौतम बुद्धले देखाउनु भएको छैन भनी शंका उत्पन्न गर्नु हुँदा भगवान बुद्धले सप्तताल जति माथि आकाशमा उडेर जानु भई देवताहरुलाई यस्तो आज्ञा गर्नु भयो -

**"यो मेरो अन्तिम जन्म हो, अब ममा कुनै आश्रवहरु छैन,**
**तृष्णाले मुक्त भईसकें, मेरो दुःख सबै अन्त भयो ।"**

यसरी देवताहरुलाई आज्ञा भई उहाँ भगवान बुद्ध बोधिमण्डलमा सात हप्तासम्म बोधिज्ञान लाभ मनसिकार गरी बस्नु भयो ।

यसरी विभिन्न प्रकारले दुश्कर चर्या र बोधिवृक्षमुनि बोधिमण्डलमा नैरञ्जना नदिको किनारमा उरुवेल सेनानिगम नाउँको नजिकको जंगलमा बैशाख पूर्णिमाका दिन मारलाई विजय गरी ६ वर्षपछिको अपार अटुट प्रयास स्वरुप ३५ वर्षको उमेरमा सम्बोधि लाभ गरी सम्यक सम्बुद्ध हुनु भयो ।



Downloaded from http://www.dhamma.digital

# महापरिनिर्वाण

## (Nirvana = Salvation)

भिक्षुहरु, जाति, जरा र मरण यी तीन स्वभाव धर्मको कारण
तथागत सम्यक सम्बुद्ध उत्पति हुनु भयो र धर्म विनयलाई देखाएर जानुभयो ।
- पाली दसक, अं. २४/१५४/७६

अनुत्तरज्ञान लाभ पश्चात बोधिमण्डलमा विराजमान हुनुभई सम्बोधिज्ञानलाई दोहोऱ्याएर विचार गर्नु भयो । यसरी प्रतिच्चसमुप्पादको अनुलोम र प्रतिलोमबाट विचार गर्दै सात हप्ता पश्चात महाकरुणाले परिपूर्ण उहाँले यो सांसारिक भवचक्रमा घुमिरहेका सत्वहरुको क्षमता र स्वभावलाई विचार गरेर हेर्नुभयो र जगत हितका लागि धर्मप्रचार गर्न हिड्नु भयो । उहाँले जातभातमा कुनै भेदभाव राख्नु भएन, सम्पूर्ण मनुष्य प्राणीहरुलाई समानरुपमा धर्म सिकाउनु भयो । सबै जात (वर्ण) ठूला, बडा, साना, स्त्री, पुरुष सबैमा एकनासले समान रुपमा सत्यधर्मलाई सिकाउनु भयो । उहाँको धर्ममा कुनै भेदभाव र अलुप्त आर्यसत्य भएको कारण छोटो समयमा नै अपार प्रचार र प्रवजित भई भिक्षु भिक्षुणी हुने तथा उपासक उपासिकाको ठूलो संख्यामा वृद्धि भएको थियो । भिक्षु वा भिक्षुणी भन्नाले गृहत्याग गरी बुद्धको उपदेश अनुसार धर्मविनयलाई शिरोधार्य गरी जीवन व्यतित गर्नु हुने व्यक्तिलाई भनी बुझिन्छ । बुद्धधर्ममा श्रद्धा छ तर गृहत्यागी नभई गृहस्थ भएर बस्नु हुने बौद्धहरु प्रवजित नभईकनै बुद्ध र उहाँले देखाउनु भएको बाटोमा जानु भई धर्मलाई अनुसरण गर्नुभई कुशल कार्यहरु गर्नुभई आफू र आफ्नो भविष्यलाई उज्ज्वल पार्नुका साथै बुद्ध धर्मको उपत्थाक वा संरक्षकको रुपमा रहनु हुने व्यक्तिलाई बुद्ध धर्मानुसार उपासक (पुरुष) र उपासिका (महिला)लाई बौद्ध भनिन्छ ।

बैशाख पूर्णिमाको दिन बुद्धत्व लाभ पश्चात भगवान बुद्ध हिंडेर पञ्चवर्गीय भिक्षुहरुलाई धर्मदेशना गर्नको लागी ऋषिपटन मृगदायवनमा जानु भयो । त्यहाँ आषाढ पूर्णिमाको दिन प्रथम धर्मदेशना (धर्मचक्र प्रवर्तन देशना) पश्चात कोण्डण्य



Downloaded from http://www.dhamma.digital

भिक्षु नै पहिलो शिष्य र अरहन्त फल प्राप्त गरे । त्यसपछि अरु चार जना पनि धर्मचक्खु लाभ गरी क्रमश अरहन्त फल लाभ गर्नुभयो । उहाँहरु नै बुद्धधर्मका पहिला भिक्षु र भगवान बुद्धका शिष्यहरु थिए । ऋषिपटन बनमा नै बर्षावास बसीरहनु भएको बेलामा यशकुमार सहित अरु साथीहरु गरी जम्मा ६० जवान भिक्षु बुद्धधर्ममा भएपछि महाकरुणाले परिपूर्ण वसपोल भगवान सम्यकसम्बुद्धले ती भिक्षुहरुलाई बोलाई यस्तो आज्ञा हुनु भयो ।

"...चरथ भिक्खवे चारिकं बहुजनहिताय बहुजनसुखाय् लोकानुकम्पाय ...।"
अर्थात्,

"हे भिक्षुहरु ! म (तथागत) र तिमीहरु दैवीय तथा मानुषिक सम्पूर्ण वन्धनबाट मुक्त भईसके असंख्य मनुष्यहरुको हित सुखका लागि चारीका (घुम्दै धर्म सिकाउन) गर्दै धर्मप्रचार गर्न जाऊ ।"

तथागतबाट सबै छुट्टाछुट्टै बाटो गरी दशौं दिशाजाने आज्ञा भएको थियो । दुई जना एकै बाटोबाट नजाउ...आदि मध्य र अन्तमा पनि उपकार गर्ने अनुत्तर धर्म, शुद्ध धर्म र परिपूर्ण जीवन ब्यतीतका लागि आवश्यक वस्तु र तरीकालाई बताउनु । म (तथागत) आफै पनि प्रचारार्थ उरुवेल सेनानिगम तर्फ जानेछु ।"

यसबाट के प्रष्ट्याउछ भने सम्पूर्ण प्राणीहरुले पनि उहाँले झै दुःख वा तृष्णालाई अन्त गरी ब्रम्ह सुख पावस र सुखी जीवन विताउन सकोस् । त्यसैले उहाँले जीवनका केही भरी क्षणभर पनि समयलाई खेर फाल्नु भएन । सधै बुद्धचर्या जगत हितानुहितको लागि गइरहनु भई सक्रिय भइरहनु भयो । यसरी बुद्धचर्यामा जगत हितको लागि ४५ वर्षसम्म विभिन्न गाउँ, नगर, देश जनपदहरुमा धर्मप्रचार गर्नु भयो । ३५ वर्षको उमेरदेखि ८० वर्षको उमेरसम्म सत्यधर्मलाई जनसमक्ष पुऱ्याउनु भई शान्तिको ज्योति बाल्नु भयो । त्यसरी विभिन्न ठाउँमा गई बैशाली जनपदको बेलुवगाऊ नामक गाउँमा बस्नुभएको थियो । यहाँ रहुन्जेल उहाँले स्वास्थ्यमा केही कमजोरीपन महसुस गर्नु भएको थियो । त्यसपछि केहि महिना पश्चात पावा चैत्यमा बसिरहनु भएको समयमा देवपुत्र मार आई परिनिर्वाण भईजानु हुन अनुरोध गरे । भगवान बुद्धले पनि यो दिनदेखि तीन महिना पछि परिनिर्वाण हुनेछु भनी आयुसंस्कार त्याग गर्नु भयो । यसरी मारलाई आयु संस्कार



Downloaded from http://www.dhamma.digital

त्याग गर्ने बुद्धको वचनले पृथ्वी नै थर्कमान हुनेगरी भुईचालो आयो । साथ साथै यस्तो उदगार व्यक्त गर्नुभयो ।

**"तुलमतुलञ्च भवसंखारमवस्सज्जि मुनि**
**वज्भन्तरो समाहितो अभिन्धि कवचमि वत्तसम्भवन्ति ॥"**

त्यसै बेलादेखि उहाँ सत्यधर्म प्रचारार्थ थकाई नै नमानि प्रचार गर्नमा तल्लिन हुनुभयो । आफ्नो बुढो शरीर र थकाईलाई नै ख्याल नराखी छोटो समय मात्र बाँकी भएको कारण प्राणीहरुको हितसुखका लागि निरन्तर धर्मप्रचार गर्नु भयो अन्तिम समयमा सम्पूर्ण भिक्षुहरुलाई साथमा राख्नु भई सिद्धार्थ गौतम बुद्ध पावानगरमा पुग्नु भयो र त्यहाँ चुन्द उपासकको आँपको बगैंचामा (वन) मा बास बस्नु भयो ।

भगवान सहित भिक्षुसंग आफ्नो आँगनमा बास बस्न आउनु भएको खबरले चुन्द उपासक हर्षित भई भोजन निमन्त्रणा गरे । भगवानद्वारा मौन हुनु भई स्वीकार्नु भयो । विहान सवेरै भगवान बुद्ध सहित भिक्षुसंघ चुन्द उपासकको घरमा भिक्षाटनार्थ जानु भयो । चुन्द उपासकले सुकरमद्दवको भोजन दान गरेको थियो । चुन्दद्वारा दिइएको सुकरमद्दव भोजनलाई कसैले सुंगुरको मासु भनी भने, कसैले एकप्रकारको जंगली च्याउ भनी भने । जेहोस्, त्यस खानामा अवश्य नै खतरनाक प्राकृतिक विष मिसिएको हुनुपर्छ । चुन्दको उक्त भोजनदानमा विष भएको थाहा पाउनु भई, महाकरुणाले पूर्ण बोधिसत्वले चुन्दलाई भगवान आफूलाई मात्र दान दिन लगाई बाँकी फ्याक्ने आज्ञा भयो । त्यही भोजन पश्चात उहाँलाई असह्य दुःख उत्पन्न भयो तर उहाँको सत्य र सम्पजञ्ञबलको प्रभावले परिनिर्वाणको उचित समयलाई पर्खनु भयो । उहाँलाई लागेको असह्य दुःख सायद चुन्दले दिएको भोजनबाट होला भनी समाज बाट निन्दा र चुन्द आफै पनि दुखित नहोउन भनी उहाँले भिक्षु आनन्दलाई बोलाई "चुन्दले दिएको दानमा कुनै दोष छैन । पहिलो र अन्तिम आहार (भोजन) एकदमै महत्वपूर्ण छ" भनी भन्नुभयो ।



Downloaded from http://www.dhamma.digital

## "पहिलो भोजनले सम्बोधि लाभ गरें
## अन्तिम भोजनले महापरिनिर्वाण हुनेछु।"

त्यसपछि भिक्षुसंघका साथ मल्लराजाहरुको जनपद कुसिनगर जानु भयो। पावानगर देखि कुसिनगरसम्म पुग्न उहाँले धेरै कठिनाई सहनु पर्यो। बेलुकि साँझ पख कुसिनगरको हिरुञ्जवति नदि किनारको सालवनमा पुग्नु भयो। त्यस सालवनमा दुई साल वृक्ष मुनि बीचमा भिक्षु आनन्दलाई संगाति बस्त्र विच्छ्याई आसन मिलाउन दिनु भयो। त्यही आसनमा सिंहशैय्या आसनमा पल्टनु भयो। एक खुट्टामाथि अर्को खुट्टा राखी उत्तर तर्फ फर्केर अनुट्ठसय्यासन अथवा कहिल्यै नउठ्ने गरी लेट्नु भयो। भगवान बुद्धको पारमिताको हेतुले विकाल मै ती दुईसाल बृक्षमा फूलहरु फूल्यो। ती फुलेका फूलहरु झरेर भगवान बुद्धको पूजा र अभिवादन गर्यो। देवदेवताहरुले पनि विभिन्न दिव्य सुगन्धित फूलवर्षा र मधुर ध्वनिद्वारा गुन्जायमान बनाइएको थियो। भगवान गौतम बुद्ध आनन्दले मिलाई दिएको आसनमा शान्त र दृढ निर्मल अवस्थामा आराम लिनुभयो। त्यही बेला भिक्षु आनन्द भगवान बुद्ध अब परिनिर्वाण नै हुने भयो। आफू भने धर्मलाई प्राप्त गर्न सकेको छैन भनी एकातिर गई विलाप गर्न लाग्नु भयो।

भगवान बुद्धले विस्तारै आँखा उधारी हेर्नुहुँदा भिक्षु आनन्दलाई नदेख्दा बोलाउन पठाई भिक्षुहरुको अगाडि आनन्दलाई विभिन्न गुणले युक्त, समयलाई बुझ्ने तथा सर्वश्रेष्ठ उपट्ठाक आदिद्वारा प्रशंसा गर्नु भयो। त्यसैक्रममा उहाँको महापरिनिर्वाण पश्चात धर्मका शास्ता को हुने भनी भिक्षु आनन्दले प्रश्न गर्नुहुँदा भगवान बुद्धले महापरिनिब्बान सुत्रमा (-दी.य. १०/१४१/१७८) यस्तो भन्नुभयो।

**अथखो भगवा आयस्मन्तं आनन्दं आमन्तेसि, सियाखो पनानन्द तुम्हाकं एवंस्स अतीतसत्थुकं पावचनं नत्थि नो सत्थाति न खो पनेतं असन्द एवं द हुब्बं**

अर्थात, भगवानले भिक्षु आनन्दलाई बोलाईसके पछि यस्तो आज्ञा भयो। आनन्द ! सायद तिमीहरु पछि तथागत बित्नु भयो अब हाम्रो शास्ता छैन। यसरी तिमीहरु विचार नगर्नु किनकी **यो वो आनन्द मया धम्मो च विनयो च देसितो पञ्ञतो, सो वो ममञ्चयेन सत्था** अर्थात,



Downloaded from http://www.dhamma.digital

**"मैले (तथागत) तिमीहरुलाई जुन धर्म र विनयलाई देशना गरे, प्रज्ञप्ति गरे मेरो परिनिर्वाण पश्चात तिमीहरुको शास्ता हुनेछ।"**

त्यसैले बुद्धधर्ममा धर्मविनयलाई उच्चस्थान दिइएको छ । त्यसपछि कुशीनगरका मल्ल राजा र जनताहरुलाई उहाँको परिनिर्वाण हुने सुचना दिन आनन्दलाई पठाउनु भयो । भगवान बुद्ध आफ्ना भिक्षु संघका साथ आफ्नो जनपदमा बास बस्नुभएको खबरले एकातर्फ खुसी भए भने अर्को तर्फ उहाँको अन्तिम दिन वा परिनिर्वाणको दिन भएकोले मल्लराजाहरु सहित जनताहरु दुःखी र शोकाकूल तथा विरह गर्न लागेका थिए । कुशीनगरवासी स्त्री पुरुष बालक बालिकाहरु सबै विरह गर्दै उहाँको अन्तिम दर्शनार्थ शालवनमा आए । त्यसै समय सुभद्र परिब्राजक, बुद्धको परिनिर्वाण हुने खबर सुनी उहाँसंग केही प्रश्न सोध्नु छ भनी भगवानको दर्शनार्थ सालवनमा उपस्थित भए । सुभद्र परिव्राजकलाई पूरा विश्वास थिए कि भगवान बुद्धले मात्र उसको प्रश्नको उत्तर दिन सक्नुहुनेछ । सालवनमा पुग्ने बित्तिकै आनन्दसंग भेटगरी आफ्नो इच्छालाई व्यक्त गरे । तर, भगवान बुद्ध धेरै थाकिसक्नु भयो र ती प्रश्नहरु सोधी दुःख दिनु उचित हुने छैन भनेर आनन्दले सुभद्रलाई आग्रह गरे । सुभद्र भने बारम्बार आनन्दसंग भगवान भेटको लागि अनुमति मागिरहे । सफल हुन सकेन । अन्तमा भगवान बुद्धले थाहा पाउनु भई सुभद्रलाई नरोक्न भिक्षु आनन्दलाई यस्तो आज्ञा भयो ।

**"आनन्द ! सुभद्रलाई मकहाँ आउन देउ, उसलाई नरोक । उसको इच्छा अनुसार आउन देउ । ज्ञानको कुरा सुनेर उसको जीवन सार्थक हुनेछ । उ मलाई दुःख दिनका लागि आएको होइन, उ मेधावी र विद्वान् छ, छिट्टै धर्मलाई बुझ्नेछन् ।"**

भगवानको यस्तो आज्ञा सुनी आनन्दले सुभद्रलाई भगवान बुद्धको दर्शनार्थ पठाए । सुभद्र परिब्राजक पनि उहाँको दर्शन गर्न पाएकोमा हर्षित भई आफ्नो प्रश्न गर्यो । परिव्राजकको प्रश्न सुनेपछि भगवान बुद्धले यसरी धर्मदेशना गर्नुभयो ।

"हे सुभद्र ! जुन धर्मविनयमा आर्य अष्टाङ्गिक मार्ग धर्म हुँदैन । त्यस धर्म विनयमा आर्यसंघलाई पनि पाउन सक्दैन । त्यसैगरी हे सुभद्र ! जुन धर्म विनयमा



Downloaded from http://www.dhamma.digital

यो आर्यअष्टाङ्गक मार्गले पूर्ण हुन्छ , त्यस धर्मविनयमा श्रमणहरु पनि आर्य हुन् । अरु धर्ममा श्रमणहरु हुनेछैन । हे सुभद्र जबसम्म भिक्षुहरुले आर्य अष्टाङ्गिक मार्गलाई अनुगमन गरीरहन्छ तबसम्म यस संसारबाट अरहन्तहरु खाली हुनेछैन ।"

यति बुद्धवचन सुनेपछि आफ्नो प्रश्नको उचित उत्तर पाएको अनुभव गरी त्यही धर्मविनय अनुरुप भिक्षु (प्रव्रजित) बनाईदिनु हुन अनुरोध गरे । भगवानले पनि आनन्दलाई अऱ्हाई सुभद्रलाई भिक्षु बनाईदिए । छोटो समय मै मन एकाग्र गरी ध्यान भावना पश्चात सुभद्र परिव्राजक अरहत् हुनु भएका थिए । जसरी भिक्षु कौण्डण्य प्रथम धर्मदेशना धर्मचक्र प्रवर्तन सुत्र सुनेर धर्मचक्खु प्राप्त गरी पहिलो शिष्य बनेका थिए त्यसैगरी सुभद्र उहाँका अन्तिम शिष्य भए । त्यसपछि सम्पूर्ण भिक्षुलाई सम्बोधन गरी उहाँले बताउनु भएको धर्मविनय वा बुद्ध धर्म, संघ र मार्ग वा प्रतिप्रदा मार्गहरुमा शंका वा उपशंका भए नबुझेको छ भने सोध भन्नुहुँदा सबै शान्तले बसे । त्यसपछि अन्तिम अबस्थामा अन्तिम वचन (पच्छिमोवाद) को रुपमा भन्नुभयो ।

**"हन्ददानि, भिक्खवे आमन्तयामि वो वय धम्मा संखारा, अप्पमादेन सम्पादेथ'ति । "** अर्थात्, "हे भिक्षुहरु ! तिमीहरुलाई सम्बोधन गर्दैछु । सम्पूर्ण संस्कार व्ययधर्म ( नाशवान) भई अनित्य हो । अप्रमादी पूर्वक जागरुक (होस राखी) भई राम्रो गुणधर्मलाई सम्पादन गर्ने गर । यो नै तथागतको अन्तिम वचन हो ।" त्यसपछि उहाँ शान्त हुनुभयो । केही बोल्नु भएन अनुलाम र पतिकुल (पतिलाम) भावना गर्दै सभापत्ति ध्यानमा बस्नु भयो, चतुर्थ ध्यानबाट समनन्तर (निक्लदै) भगवान बुद्ध परिनिर्वाण हुनुभयो । विस्तारै विज्ञानको भयो र धर्मकाय क्रमैसित परिनिर्वाण हुनु भयो । उहाँ महापरिनिर्वाण हुनु भयो । बिहानको मिर्मिरे घामसंगै बैशाख पूर्णिमाको दिन पूर्ण महापरिनिर्वाण भई यसलोकबाट विदा लिनु भयो ।



Downloaded from http://www.dhamma.digital





Downloaded from http://www.dhamma.digital

# निश्कर्ष

यसरी उहाँको जन्म, सम्बोधि ज्ञान लाभ र महापरिनिर्वाण भएको तीन महत्वपूर्ण दिनहरु यस बैशाख पूर्णिमाको दिन भएको थियो । उहाँको परिनिर्वाण पछि बुद्ध परिषद्ले उहाँको सम्भना र श्रद्धाको रुपमा बैशाख पूणिमाको दिनलाई बौद्धहरु बुद्ध पूजाको दिनको रुपमा लिने गरिन्छ । भगवान बुद्ध शान्तिनायक हुनुहुन्छ । सबै प्राणीमा समान व्यवहार र सम्पूर्ण जनताको सुखी र हित चाहनु हुन्छ । त्यसैको फलस्वरुप बौद्धरुपमा धर्मको रुपमा कहिल्यै भै-भगडाहरु भएन फलतः UN द्वारा उहाँको सम्भनामा बैशाख पूजाको दिनलाई संसारको एक महत्वपूर्ण दिनको रुपमा घोषणा गरेका थिए । साथसाथै सम्पूर्ण बौद्ध र गैर बौद्धहरुले यो दिनलाई मान्यता दिइएको छ । विशेष गरेर बौद्धहरु तीन अकुशल कर्म (कार्य कर्म, वाचाकर्म र मनो कार्य) देखि अलग्ग रही चिद्ध शुद्धपारी कुशलकार्य संकलन गर्नुपर्छ । अथवा कार्य दुचरित, वचन दुचरित, मनोदुचरितलाई त्यागी कुशल कार्य गर्नु नै बुद्ध पूजाको मूलसार हो । भगवान बुद्ध प्रज्ञा गुणले पूर्ण परिशुद्ध गुणले युक्त र महाकरुणाले पूर्ण हुनुहुन्छ जसले उहाँको गुणलाई स्मरण गरी आफू र अर्काको भलो चिताई चित्त शुद्ध गरी मंगलकार्य गर्छ । जस्तै : धर्मदेशना सुन्नु, ध्यानभावना गर्नु, शील लिएर मनशुद्ध र शान्त पार्नु आदि तथा भिक्षु संघको दर्शन र उहाँहरुलाई दानधर्म गरी पूजा गर्नेहरुको अवश्य नै उसको लागी महा मंगल हुनेछ ।

यो नै बैशाख पूर्णिमाको प्रमुख उद्देश्य हो ।



Downloaded from http://www.dhamma.digital

# आमिस पूजा

## बैशाख पूर्णिमाको दिनमा फूल, धूप र बत्ति चढाउँदा बोलिने बचन

यमह्म खो मयं भगवन्तं सरणं गता, यो नो भगवा सत्था, यस्स च मयं भगवतो धम्मं रोचेम । अहोसी खो सो भगवा मज्झिमेसु जनपदेसु अरियकेसु मनुस्सेसु उप्पन्नो, खत्तियो जातिया गोतमो गोत्तेन सक्यपुत्तो, सक्यकुला पब्बजितो, सदेवक लोके समारके सब्रह्मके सस्समणब्राह्मणीया पजाय सदेवमनुस्साय अनुत्तरं सम्मासम्बोधिं अभिसम्बुद्धो, निस्संसयं खो सो भगवा अरहं सम्मासम्बुद्धो विज्जाचरणसम्पन्नो सुगतो लोकविदू अनुत्तरो पुरिसदम्मसारथी सत्था देवमनुस्सानं बुद्धो भगवा । स्वाक्खातो खो पन तेन भगवता धम्मो सन्दिट्ठिको अकालिको यहिपस्सिको ओपनयिको पच्चतं वेदितब्बो विञ्ञूहि । सुपटिपन्नो खो पनस्स भगवतो सावकसंघो, उजुपटिपन्नो भगवतो सावकसंघो, ञायपटिपन्नो भगवतो सावकसंघो, सामीचिपटिपन्नो भगवतो सावकसंघो, यदिदं चत्तारि पुरिसयुगानि अट्ठ पुरिसपुग्गला येस भगवतो सावकसंघो, आहुनेचयो पाहुनेचयो दक्खिणेचयो अञ्जलिकरणीयो अनुत्तरं पुञ्ञक्खेतं लोकस्स । अयं खो पन पटिमा तं भगवन्तं उद्दिस्स कता यावदेव दस्सनेन तं भगवन्तं अनुस्सरित्वा पसादसंवेगपटिलाभाय । मयं खो एतरहि इमं विसाखपुण्णमीकालं तस्स भगवतो जातिसम्बोधिनिब्बानकालसम्मतं पत्वा इमं ठानं सम्पत्ता इमे दण्ड दीप धूपपुप्फादि सक्कारे गहेत्वा अत्तनो कायं सक्कारुपधानं करित्वा तस्स भगवतो यथा भुच्चे गुणे अनुस्सरन्ता इमं पटिमाघरं तिक्खत्तुं पदक्खिणं करिस्साम । यथागहितेहि सक्कारेहि पूजं कुरुमाना, साधु नो भन्ते भगवा सुचिरपरिनिब्बुतोपि ञातब्बेहि गुणेहि अतीतारम्मणताय पञ्ञायमानो, इमे अम्हेहि गहिते सक्कारे पटिग्गण्हातु अम्हाकं दीघरत्तं हिताय सुखाय ।



Downloaded from http://www.dhamma.digital


# बैशाख पूर्णिमाको एक भलक

१. प्रथमयाम - पुब्बेनिवासानुस्सति ञाण

२. मज्भिमयाम - चुतूप्पात ञाण

३. पच्छिमयाम - आसवक्खय ञाण

## वत्त ३




| | | | |
|---|---|---|---|
| १. | कर्मवत्त - | अकुशलकर्म - अकुशलकर्मपद | १० |
| | | कुशल कर्म - पूण्यक्रिया पद | १० |
| २. | विपाकवत्त - | रुपनाम /पञ्चखण्ड | |
| ३. | क्लेशवत्त - | लोभ, दोष, मोह | |
| | | अकुशल चेतसिक - | १४ |
| | | अकुशल चित्त - | १२ |



Downloaded from http://www.dhamma.digital

## सन्दर्भ पूस्तकहरू :

१. महापरित्राण (नेपालभाषाय् अर्थ सहित)
सम्पादक, भिक्षु सुदर्शन महास्थविर, नेपाल प्रेश, १९९५ ।

२. धम्मपद (नेपालभाषाय् अर्थ सहित)
भिक्षु अमृतानन्द महास्थविर, शाक्य प्रेश, वि.सं. २०४६ ।

३. बौद्ध संस्कृति, भिक्षु सुदर्शन महास्थविर
न्यू नेपाल प्रेश, वि.सं. २०५५ ।

४. नवसुत्र संग्रह, पं. दिव्य बज्र बज्राचार्य
ताईवानमा मूद्रित (CBBEF) १९९९ ।

५. बौद्ध दर्पण, प्रकाश बज्राचार्य
धर्मकीर्ति प्रकाशन, नेपाल प्रेश १९९६ ।

६. बालोपयोगी सचित्र बुद्धजीवनी
भावानुवादक भिक्षु विपस्सी, ताईवानमा मुद्रित (CBBEF) १९९९ ।

७. लुम्बिनीया किचलय्, भिक्षु सुदर्शन महास्थविर
मनोज अफसेट प्रेस, वि.सं. २०५३ ।

८. शाक्यमुनि बुद्धका स्मारक, भुवनलाल प्रधान
संघाराम विहार, बी.एस.प्रि.प्रेस, बु.सं. २५४५ ।

९. लुम्बिनीको काखमा, भिक्षु सुदर्शन महास्थविर
न्यू नेपाल प्रेस, वि.सं. २०५५, इ.सं. १९९८ ।

१०. अन्य पत्रपत्रिकाहरु ॥



Downloaded from http://www.dhamma.digital

# बुद्ध जीवनी[2]

## १. जम्बुद्वीप र त्यहाँका जनता

**शिक्षा**
- सरल शिक्षा - सामान्य ज्ञान तथा शील्प विद्या
- विशेष शिक्षा - वर्णानुसार विशेष शिल्पविद्याको अध्ययन

**दृष्टि**
- शाश्वत दृष्टि - मरणपछि जन्म हुन्छ भन्ने दृष्टि
- उच्छेद दृष्टि - मरणपछि शून्य हुन्छ भन्ने दृष्टि

**मानव**
- मिलक्ख
- अरियक

**प्रशासनिक विभाजन**
- केन्द्रिय जनपद
- क्षेत्रीय जनपद
- १६ वटा जनपद

| | | | |
|---|---|---|---|
| १. अंग | २. मगध | ३. कासी | ४. कोसल |
| ५. वज्जी | ६. मल्ल | ७. चेती | ८. वंस |
| ९. कुरु | १०. पञ्चाल | ११. मच्छ | १२. सुरसेन |
| १३. अस्सक | १४. अवन्ती | १५. गन्धार | १६. कम्बोज |

अरु साना साना ५ राज्यहरु

| | | | |
|---|---|---|---|
| १. सक्क | २. कोलिय | ३. भग्ग | ४. विदेह |
| ५. अंगुत्तराप | | | |

[2] Translated from Thai language.



Downloaded from http://www.dhamma.digital

**वर्ण**
- क्षेत्रिय राजा
- ब्राम्हण
- बैश्य
- शूद्र


} चण्डाल





Downloaded from http://www.dhamma.digital


# २. शाक्य र कोलिय वंशावली






Downloaded from http://www.dhamma.digital

# कोलिय वंश






Downloaded from http://www.dhamma.digital

# ३. जन्म र वाल्यावस्था

+ जन्म पूर्वका घट्ना

- महाब्रम्हाले स्वेतकेतु बोधिसत्व

देवपुत्रलाई अवतरण भई मनुष्य गर्भमा प्रतिसन्धि लिन प्रार्थना गरेको

- राजमाता मायादेवी रानीले सेतो हात्ति कमलको फूल लिई गर्भमा प्रवेश गरेको सपना देखेको।

- बुद्धसम्बत १० महिना र ८० वर्ष अगाडी विहिबारको दिन गर्भमा प्रतिसन्धि भएको

+ जन्म - शुल्क छैठौं महिना शुक्रबारको दिन बुद्धसम्बत पूर्व ८० वर्ष लुम्बिनीमा आजभोलि रुपन्देही जिल्लामा पर्दछ।

+ सहजात (सँगै जन्मेकाहरु)

- बिम्बा - आनन्द
- छन्न (सारथी - कालुदायी
- कन्थक (घोडा) - बोधिवृक्ष
- ४ धनघडाहरु

+ प्रातिहार्य
- राजमाताको सपना देख्नु
- गर्भमा बस्दा फोहरबाट अलग्ग रहेको
- देवताहरुद्वारा सेवासुस्र्र भएको



Downloaded from http://www.dhamma.digital

- मनतातो पानीबाट स्नान भएको
- चिसो पानीबाट स्नान भएको
- जन्मने बित्तिकै ७ पाईला चालेको
- आसभिवाचा बोलेको

\+ भविष्य वाणी गर्ने ब्राम्हणहरु

१. राम
२. लक्षण
३. यञ्ञ
४. धज
५. भोज
६. सुदत्त
७. सुयाम

(१–७) दुई प्रकारको भविष्यवाणी →
१. गृहस्थीमा रहे चक्रवर्ति राजा हुने
२. गृहत्याग गरेमा अग्र बुध्द हुने ।

८. कोण्डञ्ञ → गृहत्याग गरी संसारको अग्रतम शास्ता हुने बुध्द भविष्यवाणी गर्ने ।

\+ जन्मेपछिका घट्नाहरु

- तेश्रो दिनमा असित ऋषिको आगमन र राजपिताद्वारा प्रथमवार वन्दना
- पाचौं दिनमा नामकरण र भविष्यवाणी विधी
- सातौं दिनमा राजमाताको स्वर्गवास
- सातौं वर्षको उमेरमा शिल्पविद्या अध्ययन प्रारम्भ, राजपिताद्वारा तीनवटा पोखरीको निर्माण र राजपिताद्वारा दोश्रोवार बन्दना
- सोह्र वर्षको उमेरमा यशोधरा वा बिम्बासँग विवाह ।



Downloaded from http://www.dhamma.digital

## ४. प्रव्रज्या

+ चार देवदूत दर्शन
  - बुढो
  - रोगी
  - मृत शरिर
  - श्रमण

+ यशोधरा बाट राहुलकुमारको जन्म

+ २९ वर्षको उमेरमा कन्थक घोडा चढी छन्नको साथमा गृहत्याग

+ प्रव्रजित स्थान अनोमा नदीको तीर

+ घटिकार ब्रम्हाबाट चीवर र पात्र दान

+ प्रव्रज्या पछि सातदिनसम्म अनुपिय आम्र वनमा विश्राम

+ राजा बिम्बिसारसँग भेट - राजा बिम्बिसारद्वारा प्रतिक्षा

+ दर्शन भ्रमण शिक्षा - आलारकालाम पुत्र
  - उद्दकरामपुत्र

  } अष्ट समापत्ति ध्यान प्राप्त

+ दुश्कर चर्या (क्रिया)

- श्वासप्रश्वासलाई विस्तार गरेर तथा रोकेर
- अलि कति मात्र खाएर वा भोकै बसेर

++ उपस्थाक - पञ्चवर्गीय भिक्षु

- कोण्डञ्ञ
- वप्प - भद्दिय - महानाम - अस्सजि



Downloaded from http://www.dhamma.digital





Downloaded from http://www.dhamma.digital

# ५. बोधिज्ञान लाभ

\+ सुजाता उपासिकाद्धारा खीर दान प्राप्त- नैरञ्जरा नदीमा पात्रलाई छोडेको

\+ सोत्थिय ब्राहमणबाट ८ मुठ्ठिकुश घाँस ग्रहण

क्लेशमारसँग भिडन्त, १० पारमिताव्दारा विजय

दान, शील,नैष्कमणु,नैष्क्रम्य, प्रज्ञा , वीर्य,

सान्ति , सत्य , अधिस्थान, मैत्री, उपेक्षा

४ अधिस्थान – प्रज्ञा ५ मैत्री– वीर्य ६ उपेक्षा

+ ३५ बर्षको उमेरमा बोधिज्ञान प्राप्त

– उरुवेला सेनानिगम गाँऊको नैरञ्जरा नदी तीरमा बोधिबृक्षमुनि

–वर्तमान बुद्धगया (भारत)

– शुक्लपक्ष चन्द्रमास छैठौं महिनाको

– बुधवार ४५ वर्ष बुद्ध सम्बत पूर्व

⇒ प्रथम प्रहर - पूर्वेनिवासानु स्मृतिज्ञान

⇒ मध्यमप्रहर - चूतुप्पादज्ञान

⇒ पच्छिम प्रहर - आश्रवक्षयज्ञान



Downloaded from http://www.dhamma.digital

\+ विमुक्ति सुखमा ७ हप्ता बास

१. बोधिवृक्षमण्डलमा बसेर विमुक्ति सुख अनुभव गरेको - बोधि चैत्य

२. उभेर बोधिवृक्षलाई हेर्दा विमुक्ति सुख अनुभव गरेको - अनिमिस चैत्य

३. बोधिवृक्ष र अनिमिस चैत्यको बीचमा चंक्रमण गर्दै विमुक्ति सुख अनुभव गरेको - रत्नचंक्रमण चैत्य

४. मणिघरमा बसेर अभिधर्म चिन्तन गर्दै विमुक्ति सुख अनुभव गरेको - रत्तनघर चैत्य

५. अजपाल निग्रोध वृक्षमुनि बसेर विमुक्ति सुख अनुभव गरेको - ?

६. मुचलिन्द बृक्षमुनि ध्यान गर्दै विमुक्ति सुख अनुभव गरेको - मुचलिन्द चैत्य

७. राजायतन बृक्षमुनि बसेर विमुक्ति सुख अनुभव गरेको - राजायतन चैत्य

- तपुस्स र भल्लिकले भगवानको समक्ष द्वेवाचिक शरण लिएको
- चार प्रकारका कमलका फूलहरुसँग मानिसहरुको तुलना गर्नु भएको
  - उग्घनितञ्ञु - विपचितञ्ञु
  - नैय्य - पदपरम
  - प्रथम देशना सुन्ने व्यक्तिको खोज
    - आलारकालमपुत्र - उद्दकरामपुत्र
    - पञ्चवर्गीय



Downloaded from http://www.dhamma.digital

# ६. प्रथम देशना र प्रथम श्रावक

+ शुक्लपक्षको पञ्चदशी (पूर्णिमा) को दिन बोधिज्ञान लाभ,दुई महिना पछि ऋषिपत्तन मृगदायवनमा प्रथम देशना

+ धर्मचक्रप्रवर्तन सूत्र देशना

- सार संक्षेप
  - अबलम्बन गर्न नहुने अन्त
    - कामसुखल्लिकानुयोग
    - अत्तकिलमथानुयोग
  - अबलम्बन गर्न योगय मार्ग
    - आर्यमार्ग
      - सम्येक दृष्टि
      - सम्येक संकल्प
      - सम्येक वचन
      - सम्येक कर्म
      - सम्येक आजीव
      - सम्येक व्यायाम
      - सम्येक स्मृति
      - सम्येक समाधि
    - चारआर्य सत्य
      - दुःख
      - समुदय
      - निरोध
      - मार्ग

Dhamma.Digital

+ प्रथम श्रावकहरु - भिक्षु कोण्डन्य - धर्मचक्षु प्राप्त

- भिक्षु वप्प
- भिक्षु भद्दिय
- भिक्षु महानाम
- भिक्षु अस्सजि

} अनत्तलक्खण सूत्रको धर्मदेशना सुनेर अरहत्व प्राप्त

+ त्रिरत्नको पूर्णता

- बुद्धरत्न - धर्मरत्न - संघरत्न



Downloaded from http://www.dhamma.digital

## ७. धर्मप्रचार

\+ भिक्षु यशकुमार -

उदान वचन — यहाँ जंजाल छ।
— यहाँ झमेला छ

\- आनुपुब्बिकथा र चारआर्य सत्य

- सुन्न पाएको - दोश्रो पटक
- दानकथा - अरहत्व प्राप्ति
- शीलकथा
- स्वर्ग कथा
- कामादीनवकथा
- नेक्खम्मानिसंसकथा

\+ प्रथम उपासक - भिक्षु यशकुमारका बुबा

\+ प्रथम उपासिका - भिक्षु यशकुमारका आमा र पहिलेकी पत्नी

\+ ५४ जना भिक्षु यशकुमारका मित्रहरु

-विमल - सुबाहु - पुण्णजि - गवम्पति

\- अरु ५० जना (नाम उल्लिखित छैन)

\+ ३ जना जटिल दाजुभाई

- उरुवेलकाश्यप - ५०० शिष्य भएका
- नदीकाश्यप - ३०० शिष्य भएका
- गयाकाश्यप - २०० शिष्य भएका

} आदित्यपरियाय सूत्र धर्मदेशना सुनेर अरहत्व भएका



Downloaded from http://www.dhamma.digital

+ उपसम्पदा विधी

- ऐहि भिक्खु उपसम्पदा
- तिसरणगमनुपसम्पदा

## ८. राजगृह प्रवेश

+ राजा बिम्बिसारलाई धर्मदेशना

- अधिस्थान
- राजा हुन पाऊँ ।
- सम्यक सम्बुद्ध आफ्नो राज्यमा आउन् ।
- अरहन्तहरुको नजीकमा रहन पाऊँ ।
- अरहन्तहरुबाट धर्मदेशना सुन्न पाऊँ ।
- सत्यधर्मलाई पूर्णरुपले बुझ्न सकूँ ।
- बेलुवनाराम विहार दान

Dhamma.Digital

+ अग्रश्रावकहरु

- दायाँ → भिक्षु सारीपुत्र प्रज्ञावानमा अग्रस्थान प्राप्त भिक्षु अस्सजिको धर्मदेशना सुनेर धर्मचक्षु लाभ

"जुन धर्म हेतुद्वारा उत्पन्न हुन्छ, तथागत त्यस धर्मलाई बताउनु हुन्छ । साथै त्यसको निरोध धर्मको बारेमा पनि उहाँ बताउनुहुन्छ ।"



Downloaded from http://www.dhamma.digital

→ उपसम्पदा भएको पन्ध्रौं दिनमा वेदनापरिग्गह सूत्र धर्मदेशना सुनेर गिज्झकूट पहाडको सूकरखात गुफामा अरहत्व लाभी

- बाँया → भिक्षु मौद्गल्यायन - ऋद्धि प्रातिहार्यमा अग्रस्थान प्राप्त

→ निद्रा हटाउने विधि सुन्नुभयो

→ उपसम्पदा भएको सात दिन पछि कल्लवाल मुत्तगाममा तण्हक्खय धर्मदेशना सुनेर अरहत्व प्राप्त ।

## ९. मगधराज्यमा बुद्धकृत्य

+ भिक्षु महाकाश्यपलाई देशना
- गृहस्थीको नाम पिप्फलि मानव
- तीन बुद्धोवादलाई चिन्तन मनन
- अरहत्व लाभ
- धुतंगधारीमा अग्रस्थान प्राप्त

Dhamma.Digital

+ वेलुवनाराम विहारमा ओवादपातिमोक्ख देशना :

- तेस्रो महिनाको पूर्णिमाका दिन बोधिज्ञान लाभ भएको ९ महिना पछि चातुरँगसन्निपात घट्ना (माघपूर्णिमाको) चार विशेषताहरु :

१. पूर्णिमाको दिन पर्नु

२. १२५० श्रावकहरु बिना निमन्त्रण भेला हुनु

३. सबै श्रावकहरु अरहन्त र अभिञ्ञायुक्त रहेको हुनु ।



Downloaded from http://www.dhamma.digital

४. सबै एहिभिक्खु उपसम्पदा विधिद्वारा उपसम्पन्न भएकाहरु हुनु

- देशनाको सारसंक्षेप

(१)- क्षान्ति (सहनशीलता) नै परम तप हो ।

- बुद्धादि श्रेष्ठहरु (उत्तम) निर्वाणलाई श्रेष्ठ भन्दछन् ।

अर्कालाई घात गर्ने प्रव्रजित सच्चा श्रमण होइन ।

- अर्कालाई पीडा दिने प्रव्रजित सच्चा श्रमण होइन

(२)- कसैलाई निन्दा वा हिंसा नगर्नु प्रातिमोक्खाशीलमा संयम गर्नु, आहारमा मात्रा जानेको हुनु, एकान्तवास गर्नु र चित्त शुद्धिको निम्ति योग (ध्यान) गर्नु ।

(३) पापकर्मदेखि अलग्ग रहनु (पापकर्म नगर्नु)

कुशलकर्म संचय गर्नु (पुण्य संचय गर्नु)

चित्तलाई परिशुद्ध पार्नु (चित्तशुद्ध गर्नु)

+ पाँच थरिका शयनाशनको अनुमति

१. विहार - दुईतिर फ्याक छाना भएको कुटि

२. प्रसाद - धेरै तल्ला भएको घर

३. गूहा - पहाडका गुफाहरु

४. अड्ढयोग - एकातिर मात्र छाना भएको कुटि

५. हम्मिय - कौसी जस्तो छाना भएको कुटि

+ उपसम्पदा विधी

- ञत्तिचतुत्थकम्मुपसम्पदा - राध भिक्षुको उपसम्पदादेखि शुरु

→ पच्चन्त जनपदमा - कमसेकम ५ जना भिक्षु सम्मिलित हुनुपर्ने



Downloaded from http://www.dhamma.digital

→ मज्झिम जनपदमा - कमसेकम १० भिक्षु सम्मिलित हुनुपर्ने

- ओवादपटिग्गहणुपसम्पदा - काश्यप भिक्षुको उपसम्पदा

+ सिगाल मानवलाई ६ वटा दिशा सम्बन्धि उपदेश

१. पूर्व दिशा - आमाबुबा

२. पच्छिमदिशा - (पति) पत्नी र छोरा छोरी

३. अधो दिशा - नोकर तथा कामदारहरु

४. दक्षिण दिशा - गुरु आचार्यहरु

५. उत्तर दिशा - कल्याण मित्रहरु

६. उर्ध्व दिशा - श्रमण - ब्राम्हणहरु

## १०. कपिलवस्तु भ्रमण (आगमन)

+ कालुदायी अमात्यद्वारा निमन्त्रण गरेको

+ दिनको एक योजन पैदल गई २ महिना बिताउनु भएको

+ निग्रोधाराम विहारमा बस्नु भएको

+ ऋद्धि प्रातिहार्य देखाउनु भएको

- राजा शुद्धोदनद्वारा तेश्रो पटक पुत्र-वन्दना गरेको

+ पोक्खर वर्षा भएको

+ बिस्सन्तर जातक देशना

+ राजपितालाई देशना

- "भिक्षाटन गर्ने कार्यमा अप्रमादी हुनु, सुचरित्र व्यवहार गर्दै, धार्मिक जीवन व्यतीत गर्नेले यस लोक र परलोकमा पनि सुख पाउँछ।"

- श्रोतापन्न लाभी।



Downloaded from http://www.dhamma.digital

## ११. कोशल राज्यमा भ्रमण

- अनाथपिण्डिक श्रेष्ठिलाई देशना
  - पहिलेको नाम सुदत्त
- आनुपुब्बि कथा र चारआर्य सत्यको देशना
  - श्रोतापन्न लाभ
- बौद्ध उपासकको अधिस्थान (प्रकाश)
- जेतवनाराम विहार दान
  - अनाथपिण्डिक श्रेष्ठि र जेत राजकुमारबाट विहार दान

## १२. परिनिर्वाण

+ शुक्लपक्षको पञ्चदशी मंगलवार बैशाख पूर्णिमाको दिन, कुसिनगरमा
+ आयुसंस्कार त्याग
  - बैशालीको वेलुवनाममा, र ४५ औं बर्षावासमा परिनिर्वाण हुनुभन्दा तीन महिना अगाडी
+ भूकम्प हुने कारणहरु
  १. हुरी बतासले कम्पित पानीको कारण
  २. ऋद्धिवानको प्रभावको कारण
  ३. बोधिसत्व तुषितलोकबाट च्युत भई मनुष्यगर्भमा प्रतिसन्धि
  ४. बोधिसत्वको जन्म
  ५. बुद्धबाट बोधिज्ञान प्राप्त
  ६. बुद्धबाट प्रथम धर्मदेशना



Downloaded from http://www.dhamma.digital

७. बुद्धद्वारा आयुसंस्कार त्याग

८. बुद्धको परिनिर्वाण

+ बुद्धबाट १६ पटक निमित्त ओभास

१. १० पटक राजगृहमा

१. गिग्भकूट पर्वत
२. गोतमनिग्रोध
३. चोरपप्पोत
४.सत्तपण्ण गुफा
५. कालसिलागाऊ
६. सब्पिसेण्ठिक पर्वत
७. तपोदाराम उद्यान
८. वेलुवनाराम विहार
९. जीवकम्बवन
१०. मद्दकच्छि मिगदायवन

२. ६ पटक बैशालीमा

११. उदेन चैत्य
१२. गोतम चैत्य
१३. सत्तम्ब चैत्य
१४. बहुपुत्त चैत्य
१५. सारन्द चैत्य
१६. पावाल चैत्य

Dhamma.Digital

+ शरीर सुन्दर हुने दुई काल

१. बोधिविज्ञान लाभ समय

२. परिनिर्वाण हुने समय

+ पिण्डपात्र आनिसंसमा अग्रपिण्डपात्रहरु

१. सुजाता उपासिकाद्वारा दिइएको प्रथम भोजन

२. चुन्द उपासकद्वारा दिइएको अन्तिम भोजन



Downloaded from http://www.dhamma.digital

+ संवेजनीय स्थानहरु (स्मरणयोग्य स्थानहरु)

१. बुद्धको जन्म स्थान

२. बुद्धले बोधिज्ञान लाभ स्थान

३. बुद्धद्वारा प्रथम धर्मदेशना गरेको स्थान

४. बुद्ध परिनिर्वाण भएको स्थान

+ स्तूप बनाउन योग्य पुद्‌गलहरु

१. बुद्ध
२. पच्चेक बुद्ध
३. अरहन्त श्रावक
४. चक्रवर्ति राजा

+ अन्तिम श्रावक - भिक्षु सुभद्रा

## १३. बुद्धको शरीर पूजा (अग्नि संस्कार)

+ छैठौं महिनाको कृष्णपक्ष अष्टमि पूजाको दिन

+ भिक्षु अनुरुद्ध — भगवान बुद्धको शव लाने बाटो बताउनु भयो
— भिक्षु महाकाश्यपलाई पर्खनु भयो ।

+ बृद्ध प्रव्रजित भिक्षु सुभद्र - धर्म विनय प्रति दुर्वचन बोलेको

+ भिक्षु महाकाश्यप — भगवानको श्रीपादमा अभिवाद
— भगवानको शरीर प्रदक्षिणा
— निग्गहकर्म गर्ने विचार

+ दाह संस्कार पछि शेष रहेका धातुहरु

१. अस्थि, लोमा, दन्ता



Downloaded from http://www.dhamma.digital

२. केशा, नखा, २ पात्र, कपडा

+ मल्ल राजाहरु
- सुगन्धित माला तथा जल सहित बाजागाजाद्वारा बुद्ध शरीर पूजा
- बुद्धको शवलाई सातदिनसम्म धुमधामले पूजा अर्चना

+ मकुट बन्धन चैत्य - कुशीनगरको पूर्वदिशातिर

## १४. बुद्धको अस्थिधातु विभाजन

+ बाँडिदिने व्यक्ति - द्रोण ब्राम्हणले भगवान बुद्धको अस्थिधातुलाई आठ भागमा विभाजन गरी सुनको पाठी (तुम्ब) द्वारा बाँडिदिए ।

+ बुद्धका अस्थिधातु पाउनेहरु

| | | |
|---|---|---|
| १. अजातशत्रु राजा | - | राजगृह |
| २. लिच्छवी राजा | - | वैशाली |
| ३. शाक्य राजा | - | कपिलवस्तु |
| ४. थुली राजाहरु | - | अल्लकप्प |
| ५. कोलिय राजा | - | रामग्राम |
| ६. महाब्राम्हण | - | वेठ्ठदीपदक |
| ७. मल्लराजा | - | पावा |
| ८. मल्ल राजा | - | कुशीनगर |

+ पछि भाग लिन आइपुग्ने



Downloaded from http://www.dhamma.digital

- मोरिय (मौर्य) राजा

- पिप्पलीवन (अस्थिधातु बाँडीसकेको हुँदा गोल र खरानी लिएर फर्के ।

## १५. सम्मासम्बुद्ध चैत्यको प्रकार

+ धातु चैत्य - भगवान बुद्धका शारीरिक अस्थिधातु

- धातु चैत्य भएका नगरहरु

| | | | |
|---|---|---|---|
| १. राजगृह | २. बैशाली | ३. कपिलवस्तु | ४. अल्लकप्प |
| ५. रामग्राम | ६. वैठ्ठदीपक | ७. पावा | ८. कुशीनगर |

+ परिभोग चैत्य :- भगवान बुद्धद्वारा प्रयोग गरिएका कुनै पनि वस्तु वा स्थान

+ धर्म चैत्य - भगवान बुद्धको धर्मोपदेश अंकित चैत्य

+ उद्देशीक चैत्य - भगवान बुद्धको गुणानुस्मरणको लागि निर्माण गरिएको स्थान/वस्तु

## १६. संगायना

### १. पहिलो

१. कारण - बृद्ध प्रव्रजित भिक्षु सुभद्राद्वारा धर्म विनयप्रति दुर्वचन

२. प्रमुख संघ - भिक्षु महाकाश्यप महास्थविर

३. प्रश्नकर्ता - भिक्षु महाकाश्यप महास्थविर

४. उत्तरकर्ता - भिक्षु उपाली, विनय



Downloaded from http://www.dhamma.digital

- भिक्षु आनन्द, सूत्र र अभिधर्म

५. संगायनामा सम्मिलित भिक्षु संख्या } ५००

६. उपत्थाक/दाता - राजा अजातशत्रु

७. संगायनाको स्थान - सत्तपण्ण गुफा, राजगृह, भारत

८. गरेको वर्ष - बुद्ध परिनिर्वाण हुनु भएको ३ महिना पछि बुद्ध सम्बत

९. लागेको समय - ७ महिना

## २. दोश्रो

१. **कारण** : वज्जिपुत्र भिक्षुहरुमा विनय सम्बन्धी १० प्रकारका मिथ्या धारणा उत्पन्न

२. **प्रमुख संघ** : भिक्षु यशकाकण्डकपुत्र महास्थविर

३. **प्रश्नकर्ता** : भिक्षु रेवत महास्थविर

४. **उत्तरकर्ता** : भिक्षु सब्बकामी महास्थविर

५. **सम्मिलित भिक्षु संख्या** : ७०० भिक्षुहरुले सहभागीता जनाए

६. **उपत्थाक, दाता** : कालाशोक राजा

७. **स्थान** : वालुकाराम वैशाली नगर, वज्जी देश (जनपद), भारत

८. **गरेको बर्ष** : बुद्ध सम्बत १००

९. **लागेका समय** : ८ महिना



Downloaded from http://www.dhamma.digital

## ३. तेश्रो

१. **कारण** : तीर्थकरहरु बुद्ध धर्ममा नक्कली प्रव्रजित भएको

२. **प्रमुख संघ** : भिक्षु मोग्गलिपुत्त तिस्स महास्थविर

३. **प्रश्न कर्ता** : भिक्षु मोग्गलिपुत्त तिस्स महास्थविर

४. **उत्तर कर्ता** : पाटलिपुत्र नगरका सबै भिक्षुहरु

५. **सम्मिलित भिक्षु संख्या** : १,०००

६. **उपत्थाक , दाता** : सम्राात अशोक महाराज

७. **स्थान** : अशोकाराम विहार ,पातलिपुत्र (भारत)

८. **गरको बर्ष** : २३४/२३५

९. **लागेको समय** : ९ महिना

## ४. चौठो

१. **कारण** : बुद्ध धर्मको स्थिरताको लागि

२. **प्रमुख संघ** : भिक्षु महिन्द्र महास्थविर

३. **प्रश्न कर्ता** : भिक्षु महिन्द्र महास्थविर

४. **उत्तर कर्ता** : भिक्षु अरिट्ठ महास्थविर

५. **सम्मिलित भिक्षु संख्या** : ६,८००

६. **उपत्थाक, दाता** : राजा देवानम्पिय तिस्स



Downloaded from http://www.dhamma.digital

७. **स्थान :** थूपाराम, अनुराधपुर, श्रीलंका

८. **गरेको बर्ष :** २३७/२३८

९. **लागेको समय :** १० महिना

## ५. पाचौं

१. **कारण :** भिक्षु संघमा भेद र व्यक्तिहरुको स्मरणशक्तिमा क्षय तथा बुद्ध वचनलाई लिपिवद्ध गरेको

२. **प्रमुख संघ :** भिक्षु बुद्धदत्त महास्थविर

३. **प्रश्न कर्ता :** भिक्षु बुद्धदत्त महास्थविर

४. **उत्तर कर्ता :** भिक्षु महातिस्स महास्थविर

५. **सम्मिलित भिक्षु संख्या :** ५००/१,०००

६. **उपत्थाक, दाता :** राजा वट्टगामणी अभय

७. **स्थान :** आलोकसेन स्थान, मलय जनपद, श्रीलंका

८. **गरेको बर्ष :** ४५०

९. **लागेको समय :** १ वर्ष



Downloaded from http://www.dhamma.digital

**"यो वो आनन्द मया धम्मो च विनयोच**

**देसितो पञ्ञत्तो, सोवो ममच्चयेन सत्था"**

मैले (तथागत) तिमीहरुलाई देशना गरेका धर्महरु, नीति नियमहरु,

मेरो मृत्यु पश्चात तिमीहरुको शास्ता हुनेछ ।

*(महापरिनिर्वाण सुत्र)*

**"हन्ददानि भिक्खवे आमन्तयामि**

**वो वयधम्मा संखारा अप्पमादेन सम्पादथ"**

"सबै संस्कारहरु अनित्य नःश्वर हुन् अप्रमाद भै धर्मलाई सन्चय गर ।"

*(महापरिनिर्वाण सुत्र)*

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# लेखकको परिचय

| | |
|---|---|
| नाम | : भिक्षु सुजन (सुजनकीर्ति) |
| जन्मस्थान | : बलम्बु, हामननी तोल, काठमाण्डौ |
| विहार | : नगर मण्डप श्रीकीर्ति विहार, कीर्तिपूर |
| उपसम्पदा | : वात पाकनाम सीमा, बैंकक, थाईलैण्ड |
| उपज्झाय | : भिक्षु सोमदेचफ्रा महाराजमंगलाचार्य |
| आचार्य | : भिक्षु सुदर्शन महास्थविर |
| वर्तमान विहार स्थान | : The Buddhavihara Temple Kings Bromley, DE13 7HR, UK |
| अध्ययन | : एम.ए. (बुद्धसासन शाष्ट्र), थाईलैण्ड |
| | : बी.ए. (धार्मिक अध्ययन), थाईलैण्ड |
| कार्य अनुभव | : थाईलैण्डबाट ईङ्लैण्डको लागि बौद्ध धर्मवृत |
| | : सह-संस्थापक तथा प्रबन्धक; थाई नेपाल बौद्ध सोसाईति, थाईलैण्ड |
| | : संस्थापक/सम्पादक - Dhamma News, PBSUK |
| | : सह-सम्पादक/संयोजक -The Friend's Dhamma, UK |
| | : सल्लाहकार - नेपाल बुद्धधर्म सोसाईति, लन्डन |
| | : सह-प्रशिक्षक -The Buddhavihara Temple Kings Bromley, DE13 7HR, UK |
| विहार निर्माण सदस्य | : तक्ष्यशिला महा बुद्ध विहार, पन्जाब, भारत |
| | : पन्जाब बुद्धिस्त सोसाईति, ईङ्लैण्ड |
| प्रकाशन | : बुद्धधर्मको सार, मंगलधर्म र विभिन्न पत्रिकाहरुमा लेख |



Downloaded from http://www.dhamma.digital



भिक्षु सुजनकीर्ति

मूल्य रु. १००/-

Downloaded from http://www.dhamma.digital